का.जि.प्र.का.द.नं. १००/०५२/६०
१३ भदौ २०८३
शनिबार
29 August 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१२। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

बाढीको कहर

आँखामा आशा मनमा चिन्ता

आफन्तको खबर पर्खिँदै परिवार

भावना पाठक/मध्यान्ह
काठमाडौं, १२ भदौ

हरेकपटक फोनको घण्टी बज्दा उनको मन झसंग हुन्छ। लाग्छ, सायद श्रीमान्को फोन हो। उताबाट परिचित आवाज सुनिनेछ र केही बेरका लागि भए पनि मनमा छाएको डर हट्नेछ।

तर फोन आउँदैन। मकवानपुरको हेटौंडाका सरोजकुमार थापा मगरकी श्रीमती अहिले यही प्रतीक्षामा छिन्। कतिबेला श्रीमान्को फोन आउला र उनको आवाज सुन्न पाइएला।

सरोज बस चालक हुन्। मंगलबार राति ९ बजेसम्म उनी परिवारको सम्पर्कमा थिए। त्यसपछि भने उनको फोन आयो न त परिवारले उनको अवस्थाबारे कुनै जानकारी पाउन सकेको छ। श्रीमतीसँग भएको अन्तिम कुराकानीमा उनले गाडी नाका काटिसकेको बताएका थिए। त्यसपछि भने उनको फोन सम्पर्क टुट्यो।

बुधबार रसुवामा आएको बाढीको खबरसँगै परिवारको चिन्ता झन् बढ्यो। श्रीमान् कहाँ छन्, कस्तो अवस्थामा छन् भन्ने कुनै जानकारी नहुँदा उनको परिवार यतिबेला चिन्तामा छ। 'लोकेसन त्यतै नाकाको देखाउँछ, तर सम्पर्क भएको छैन,' श्रीमतीले रुँदै भनिन्, 'जहाँ हुनुहुन्छ, छिटो आइदिनुहोला। मेरो श्रीमान्को खोजी गरिदिन सरकारसँग पनि अनुरोध गर्छु।'

मोबाइलको स्क्रिनमा देखिने लोकेसनले उनीहरूलाई केही आशा भने दिएको छ। तर लोकेसन देखिए पनि आवाज सुन्न नपाउँदा त्यो आशासँगै बेचैनी पनि उत्तिकै छ।

सरकारले बाढीपछि बेपत्ता भएकाहरूको खोजी तथा उद्धार गरिरहेको खबर परिवारसम्म पुगेको छ। उद्धार टोलीले हराइरहेकाहरूलाई खोजिरहेको खबरले थापाकी श्रीमतीको मनमा अझै आशा जीवित राखेको छ। 'धेरै मानिसहरू भेटिएको सुनिन्छ,' उनले आँसु पुछ्दै भनिन्, 'मेरो श्रीमान् पनि भेटिनुहुन्छ भन्ने लागेको छ।'

अरूलाई बचाउन निस्किएका थिए, आफैं हराए

मिलन खरेल

सरोज थापा

बाढी बढ्दै गएपछि आफू मात्र सुरक्षित हुनेभन्दा अरूलाई पनि सचेत गराउनुपर्ने जिम्मेवारी सम्झिएर मिलन खरेल क्याम्पबाट बाहिर निस्किए। अपर त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत काभ्रेका मिलनलाई अन्तिमपटक गोदाम क्षेत्र आसपास देखिएको जानकारी परिवारले पाएको छ।

बाढी आउन थालेपछि उनीसहित विक्रम सापकोटा अरूलाई सतर्क गराउन बाहिर निस्किएको बताइएको छ। 'मिलनसँगै रहेका जितेन्द्र सर ज्यान जोगाउँदै >>> पृष्ठ २ मा

क्षति आकलनबाहिर

खोज, उद्धार र राहतमा सरकारको प्राथमिकता

उद्धारको प्रतीक्षामा रहेका प्रत्येक नागरिकसम्म राज्य पुग्नेछ। क्षति मूल्यांकनका लागि क्षेत्रगत समूह बनाएर १५ वटा प्राविधिक टोली परिचालन गरिएको छ।

■ **बालेन्द्र शाह**
प्रधानमन्त्री

सरकारको पहिलो प्राथमिकता आपत्कालीन उद्धार, राहत र अस्थायी सेल्टर व्यवस्थापनमा छ। नागरिकको ज्यान बचाउनु पहिलो प्राथमिकता हो।

■ **नरेन्द्र परियार**
प्रजिअ, रसुवा

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १२ भदौ

भोटेकोशी नदीमा अचानक आएको बाढीका कारण सिर्जित विपत्तिबाट कति मानवीय तथा भौतिक क्षति भयो भन्ने अहिलेसम्म विस्तृत र यकिन तथ्यांक आएको छैन। चीनको तिब्बततर्फको हिमताल फुटेर बुधबार भोटेकोशी नदीमा अचानक आएको बाढीले ६ वटा जिल्ला प्रत्यक्ष प्रभावित बने।

त्यसबाहेक रोजगारी, पर्यटन तथा तीर्थाटनमा रहेका धेरै जिल्लाका नागरिक हराएका छन्। नेपाली मात्रै नभएर विभिन्न मुलुकका विदेशी नागरिकसमेतलाई विनाशकारी बाढीले छाडेन। प्रभावित र जोखिममा रहेका नागरिकको यकिन संख्या कुनै निकायले तयार पार्न सकिरहेका छैनन्। सरकार र सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूले >>> पृष्ठ २ मा

बाढीबाट कति मानवीय तथा तथा भौतिक क्षति भयो भन्ने अहिलेसम्म यकिन तथ्यांक छैन।

उद्धारमा ९९ उडान

बाढीमा फसेका नागरिकको खोज तथा उद्धारमा सरकारले १५ हजार ४३१ सुरक्षाकर्मी परिचालन गरिएको छ। नेपाल प्रहरीका ४ हजार ४७३, नेपाली सेनाका ६ हजार ७५५ र सशस्त्र प्रहरी बल नेपालका ४ हजार २०३ जना रसुवा तथा भोटेकोशी-त्रिशूली करिडोरलगायत प्रभावित क्षेत्रमा परिचालित गरिएको हो। हालसम्म ४ हजार ४५१ जनाको उद्धार गरिएको प्रधानमन्त्रीले जनाएका छन्।

जसमा जलविद्युत् सुरुङबाट उद्धार गरिएका १९१ जना र शुक्रबारको हवाई उद्धारबाट उद्धार गरिएका ५१७ जना समेत छन्। नेपाली सेना तथा निजी क्षेत्रका गरी १६ वटा हेलिकप्टर परिचालन गरी धुन्चे, त्रिशूली, टिमुरे, स्याफ्रुबेसीलगायत क्षेत्रमा निरन्तर सञ्चालन भइरहेको >>> पृष्ठ २ मा



युएफसी प्रवेशनजिक रवीन्द्र ढाँट

नेपाली मिक्स्ड मार्सल आर्ट्स (एमएमए) खेलाडी रवीन्द्र ढाँट 'बभ्राडको बाघ' युएफसी प्रवेशको नजिक पुगेका छन्। चीनको सांघाईमा जारी 'रोड टु युएफसी' प्रतियोगिताअन्तर्गत बान्टमवेट समूहको सेमिफाइनलमा न्युजिल्यान्डका अपराजित खेलाडी कासिब मर्डकलाई पराजित गरेका ढाँटा फाइनलमा प्रवेश गरेका छन्। अब ढाँटले उपाधिका लागि जापानका यो ताजिमासँग प्रतिस्पर्धा गर्नेछन्। यदि ढाँट फाइनलमा विजयी भए उनी युएफसीमा प्रवेश गर्ने पहिलो नेपाली खेलाडी बन्नेछन्।

>>> विस्तृत पृष्ठ ५ मा



सुरुङमा फसेकाको उद्धार कठिन

भारत र चीनबाट विशेषज्ञ टोली ल्याइने

काठमाडौं/मस- रसुवाका निर्माणाधीन जलविद्युत् आयोजनाका सुरुङमा बाढीका कारण फसेका कामदारको उद्धारका लागि सरकारले भारत र चीनबाट विशेषज्ञ टनेल रेस्क्यु टोली ल्याउने तयारी गरेको छ। सुरुङमा लेदो थुप्रिएकाले उनीहरूको उद्धारमा कठिनाइ भएको हो।

नेपाली सेनाको टोलीले निकै कठिनाइपूर्वक अपर त्रिशूलीको सुरुङमा फसेका करिब ३५० व्यक्तिको बिहीबार साँझ र शुक्रबार बिहान उद्धार गरेको थियो। अझै सुरुङमा थुप्रै कामदार उद्धारको पर्खाइमा छन्। यस्तोमा विशेषज्ञ टनेल रेस्क्युको सहायता लिन खोजिएको हो।

परराष्ट्र प्रवक्ता लोकबहादुर क्षेत्रीका अनुसार, सुरुङभित्र फसेकाको उद्धारका लागि भारत र चीनसँग विशेषज्ञ टोली तथा आवश्यक प्राविधिक सहयोगका विषयमा समन्वय भइरहेको छ। बाढीका कारण सुरुङभित्र फसेका मानिसको उद्धार जटिल र जोखिमपूर्ण बनेपछि सरकारले अन्तर्राष्ट्रिय विशेषज्ञ सहयोग लिन लागेको हो।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैयसवालले पनि नेपालको अनुरोधमा टनेल रेस्क्यु टिम पठाउने तयारी गरिएको जनाएका छन्। शुक्रबार नियमित पत्रकार >>> पृष्ठ २ मा

भरिए शवगृह सनाखत हुनै मुस्किल

भेटिएका शव आफ्नै मान्छेको हो कि होइन भन्ने पहिचान गर्न नसक्ने अवस्थामा छन्। त्योभन्दा ठूलो पीडा अरु के हुन सक्छ ?

■ **कैसाङ नुर्पु तामाङ**
अध्यक्ष, गोसाइकुण्ड गाउँपालिका

शवको संख्या बढ्दै गएपछि चितवन, धादिङ, नवलपरासी र पोखराका अस्पतालमा समेत शव राख्ने ठाउँको अभाव हुन थालेको छ। पहिचान हुन नसकेका शव लामो समयसम्म सुरक्षित राख्नुपर्ने अवस्था आएपछि प्रशासनका लागि व्यवस्थापन थप जटिल बनेको छ।

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १२ भदौ।

भोटेकोशी नदीको विनाशकारी बाढीमा परेकाहरूको शव रसुवा, नुवाकोट, धादिङ, चितवन हुँदै भार तसम्म पुगेका छन्। सुरक्षाकर्मीले नदीकिनारमा भेटिएका शव संकलन गरेर शवगृहमा राखेका छन्। तर, मृतकको सनाखत हुन नसक्दा एकातर्फ व्यवस्थापनमा कठिनाइ भइरहेको छ भने अर्कोतर्फ आफन्त पीडामा छन्।

बाढीले बगाएका शवहरू भोटेकोशी, त्रिशूली र नारायणी नदीमा भेटिइरहेका छन्। कसैको कम्मरमाथिको भाग छैन, कसैको टाउको। कसैको हात वा खुट्टा मात्र भेटिएको छ। >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

विपत्तिले बढाउँछ वैदेशिक रोजगारीसँगै मानव तस्करीको जोखिम

मध्यान्ह संवाददाता
काठमाडौं, १२ भदौ

प्राकृतिक प्रकोपले स्थानीय जीविकोपार्जन र पूर्वाधारलाई नष्ट गर्दा जोखिमयुक्त वैदेशिक रोजगारी र मानव तस्करी बढ्ने गरेको छ। आन्तरिक रोजगारीको अभावले जीविकोपार्जनमा समस्या हुँदा युवायुवतीलाई शोषण र जबरजस्ती श्रमको चक्रमा पुऱ्याउने नेपाल र अन्तर्राष्ट्रिय अनुभवले देखाएका छन्।

बाढी, खडेरी र भूकम्पले बालीनाली, पशुधन र साना व्यवसायहरूलाई नष्ट गर्दा अधिकांश परिवारले आम्दानीको स्थायी स्रोत गुमाउने र बाँच्नका लागि कुनै पनि काम स्वीकार गर्न बाध्य हुने गरेका छन्। आपराधिक सञ्जालहरूले प्रकोप क्षेत्रहरूलाई लक्षित गर्ने, आकर्षक जागिरको झुटो वाचा गर्ने र श्रमस्थलमा पुऱ्याएर राहदानी तथा अन्य कागजातहरू जफत गरी श्रमिकहरूलाई कुनै सम्झौता वा भुक्तानी नगरी काममा लगाउने गरिएका शोषणका अभ्यास देखिने गरेका छन्। उनीहरूलाई ज्यालाबिना असुरक्षित अवस्थामा काम गर्न बाध्य पारिन्छ।

अन्तर्राष्ट्रिय क्याथोलिक माइग्रेसन आयोगको अध्ययनअनुसार प्राकृतिक प्रकोपपछि जीविकोपार्जनको अवसर खोज्दै मानिसहरू आन्तरिक तथा सीमापार बसाइँ सर्ने प्रवृत्ति रहेको छ। बालीनाली, पशुधन र स्थानीय व्यवसायबाट जीवन सहज नभएपछि वैदेशिक रोजगारी बाध्यताको रोजाइ हुने गरेको छ। दक्षिण एसिया वा पूर्वी अफ्रिकामा यस्ता प्रवृत्तिहरू बढी देखिएको अध्ययनले देखाएको छ।

आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठनले गरेको अर्को अध्ययनले जलवायुसँग सम्बन्धित प्राकृतिक प्रकोपले बसाइँसराइसँगै जबरजस्ती श्रमलाई बाध्य बनाउने गरेको छ। जबरजस्ती श्रम मात्रै नभएर मानव बेचबिखन बढ्ने खतरा पनि उत्तिकै रहने गरेको छ।

इन्टरनेसनल डिस्प्लेसमेन्ट मोनिटरिङ सेन्टरका अनुसार सन् २०२३ मा ४ करोड ६९ लाख नयाँ आन्तरिक विस्थापनहरूमध्ये ५६ प्रतिशत व्यक्ति प्राकृतिक प्रकोपका कारण विस्थापित भएका थिए।

विपत्तिका कारण श्रम आप्रवासनमा आप्रवासी कामदार र उनीहरूका परिवार सीमित कानुनी सुरक्षा, कमजोर सामाजिक सुरक्षा र न्यूनतम तलबको वैदेशिक रोजगारीमा निर्भर हुने गरेका छन्।

नेपालमा २०७२ को भूकम्पले लगभग ८० लाख मानिसलाई असर गरेको थियो। त्यसबाट १० अर्ब अमेरिकी डलरको आर्थिक क्षति भएको अनुमान छ। त्यसपछि भूकम्प प्रभावित जिल्लाबाट उल्लेख्य संख्यामा नेपाली युवायुवती वैदेशिक रोजगारीमा गएका थिए।

उक्त भूकम्पका कारण पुरुषहरूमात्र नभई महिलाहरूलाई पनि वैदेशिक रोजगारीमा जान बाध्य बनाएको थियो भने अभिभावकविहीन बालबालिका सबैभन्दा बढी जोखिममा परेका थिए। मानव अंग तस्करी, प्रतिबन्धित घरेलु कामदार र सर्कसका लागि महिला र बालबालिकाको व्यापक तस्करी भएको थियो। त्यसका लागि जनचेतनामूलक कार्यक्रम व्यापक बनाउनुपर्ने विज्ञहरूको सुझाव छ।

अरूलाई...

जंगलको बाटो भएर धुन्चे पुगेको जानकारी आएको छ,' परिवारका सदस्य भन्छन्, 'तर मिलन खरेल र विक्रम सापकोटा त्यसपछि कहाँ पुगे, उनीहरू कुन अवस्थामा छन् भन्ने अहिलेसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन ।'

फोन बज्छ कि भन्ने आशामा मोबाइल परिवारको हातमै हुन्छ । सामाजिक सञ्जालमा बाढी प्रभावित क्षेत्रमा उद्धार गरिएका मानिसका तस्बिर र भिडियो देख्दा उनीहरूको नजर त्यही पुग्छ-कतै मिलन त छैनन् ।

मिलनको मोबाइलको अन्तिम लोकेसन राम्चे देखिएको जानकारी परिवारले पाएको छ । उनीहरू राम्चेबाट सुरक्षित स्थानतर्फ अघि बढेको हुन सक्ने अनुमान गरिएको छ । तर, अनुमानले मात्र परिवारको मनमा शान्ति आएको छैन । बाढी प्रभावित क्षेत्रमा सम्पर्कविहीन भएकाको खोजीमा अस्पताल, सामाजिक सञ्जाल र प्रहरी चौकीमा आफन्तको घुइँचो लागेको छ ।

राष्ट्रिय ट्रमा सेन्टरमा बेपत्ता आफन्तको खोजीका लागि सयौं बढीले नाम टिपाइसकेका छन् । कोही अस्पतालका वार्ड चहारिरहेका छन्, कोही प्रहरीसँग जानकारी लिइरहेका छन् भने कोही सामाजिक सञ्जालमा सार्वजनिक भएका उद्धारका दृश्यहरूमा आफन्तको अनुहार खोजिरहेका छन् ।

कसैलाई आमाको खबर चाहिएको छ, कसैलाई श्रीमान्‌को, कसैलाई छोराको । कुमार, सरोज, मिलन र विक्रमको परिवार पनि यही भिडमा खबरको प्रतीक्षामा छ । उनीहरू जस्तै थुप्रै परिवार अहिले अस्पताल, प्रहरी चौकी र घटनास्थल वरपर आफन्त भेटिने आशामा कुरिरहेका छन् ।

दाइ खोज्दै अस्पतालदेखि प्रहरी चौकीसम्म

सामाजिक सञ्जालमा बाढीपछि उद्धार गरिएका मानिसका भिडियो देख्नासाथ कुमारी परियारको आँखा त्यही भीडमा आफ्ना दाइको अनुहार खोज्न थाल्छ । एउटा अनुहारमा नजर अडिन्छ, फेरि निराश भएर अर्को भिडियोतिर पुग्छिन् । रसुवाको टिमुरेमा कार्यरत २९ वर्षीय कुमार परियार बाढी आएको दिनदेखि सम्पर्कविहीन छन् ।

कुमारले गत १० गते बिहान आमासँग करिब पाँच मिनेट कुराकानी गरेका थिए । त्यतिबेला उनले त्यहाँ बत्ती नभएको र मोबाइलको चार्ज पनि सकिन लागेको बताएका थिए । त्यसपछि खाना पकाउने काममा जान लागेको भन्दै उनले आमासँग कुराकानी टुंग्याए । त्यो नै परिवारसँग उनको अन्तिम कुराकानी बन्यो ।

त्यसपछि परिवारले थुप्रैपटक फोन गरिसकेको छ । तर फोन उठ्दैन । कुनै सन्देश आउँदैन । दाइ कहाँ छन्, कस्तो अवस्थामा छन् भन्ने जानकारी पनि छैन ।

एकातिर विपद्को खबर, अर्कोतिर दाइ सम्पर्कविहीन । परिवारका लागि प्रत्येक क्षण भारी बन्दै गएको छ । घरको एक मात्र सहारा र कमाउने व्यक्ति नै बेपत्ता भएपछि कुमारकी आमा झन् विक्षिप्त बनेकी छन् । छोराको खबर पर्खिंदापर्खिंदै उनी रोएर बेहोस हुने अवस्थामा पुगिसकेकी छन् । 'दाइको केही खबर आउँछ कि भनेर दिनरात पर्खिरहेका छौँ,' कुमारी भन्छिन् । दाइको खोजीमा परिवारका सदस्यहरू शिक्षण अस्पताल (टिचिङ), वीर अस्पतालदेखि प्रहरी चौकीसम्म धाइरहेका छन् । कतै अस्पतालमा दाइ भेटिन्छन् कि, कतै बेपत्ताको सूचीमा उनको नाम छ कि भन्ने आशामा उनीहरू ठाउँ-ठाउँ पुगिरहेका छन् ।

प्रहरी चौकीमा नाम टिपाइसकेपछि पनि उनीहरूको खोजी रोकिएको छैन । मोबाइलमा सामाजिक सञ्जाल खोल्छन्, बाढीपछि उद्धार गरिएका मानिसका भिडियो हेर्छन् र भिडभित्र दाइको अनुहार खोज्छन् ।

रसुवा र त्रिशूली क्षेत्रमा अझै धेरै मानिस सम्पर्कविहीन रहेको खबरले परिवारलाई एउटा झिनो आशा दिएको छ । धेरै मानिसहरू उद्धार भइरहेका छन् भन्ने खबरले कुमार पनि कतै सुरक्षित अवस्थामा भेटिने विश्वास उनीहरूमा अझै बाँकी छ । 'म ठीक छु ।' कुमारको त्यही एउटा वाक्य सुन्नका लागि परिवार अहिले अस्पतालदेखि प्रहरी चौकीसम्म भौंतारिरहेको छ ।

क्षति...

विवरण संकलन गरिरहेको भए पनि एकीकृत विवरण सार्वजनिक भइसकेको छैन । प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले सरकारले प्रभावित क्षेत्रको क्षतिको विस्तृत मूल्यांकन सुरु गरिएको बताए । उनले आफ्नो फेसबुक पेजमार्फत सूचित गरे, 'सडक, पुल, विद्युत्, खानेपानी, दूरसञ्चार, जलविद्युत् तथा अन्य संरचनाको क्षति मूल्यांकनका लागि क्षेत्रगत समूह बनाएर १५ वटा प्राविधिक टोली परिचालन गरिएको छ ।' सरकारले खोज उद्धार र राहतलाई पहिलो प्राथमिकता दिएर काम गरेको प्रधानमन्त्री शाहले बताए ।

सरकारी निकायले मुख्य प्रभावित रहेका रसुवा, नुवाकोट, धादिङ, गोर्खा, चितवन, नवलपरासीसहित अन्य जिल्लामा तथ्यांक संकलन र यकिन गर्ने काम भइरहेको सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले बताएका छन् । सरकारी तहबाट कति नागरिक मृत, बेपत्ता वा प्रभावित भए भन्ने आकलन नभए पनि नेपालका लागि आइएफआरसीका प्रतिनिधिमण्डलले करिब ९३ हजार मानिस प्रभावित भएको अनुमान गरेको छ । आइएफआरसीका प्रमुख डेभिड फिसरले शुक्रबार एक पत्रकार सम्मेलन गरेर ९३ हजार मानिस बाढी तथा त्यससँग सम्बन्धित विपद्को प्रभावित भएको अनुमान गरेको हो ।

यद्यपि सरकारले भने उक्त तथ्यांकलाई आधिकारिक मानेको छैन । यो घटनामा कतिको मृत्यु भयो, कति घाइते छन् र कति सम्पर्कबाहिर छन् भन्ने एकीकृत विवरण संकलन भइरहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । विपत्तिको तेस्रो दिन, शुक्रबार रसुवासहित चितवन, धादिङ, तनहुँ, गोरखा, नुवाकोट र नवलपरासी पूर्वलगायतका ठाउँमा शव फेला परिरहेका छन् । प्रभावितको उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलगरी झन्डै साढे १५ हजार जनशक्ति खटिएका छन् । घाइते र शवको उद्धार तथा खोजीमा रहेका अधिकांश उद्धार उडान रसुवा, टिमुरे, त्रिशूली तथा धुन्चे क्षेत्रमा केन्द्रित छन् ।

बाढीको उद्गमस्थलमा रहेको हिमताल शुक्रबारे फेरि फुट्यो भन्ने चिनियाँ पक्षको सूचना आएपछि खोज तथा उद्धारको काम प्रभावित भएको थियो । प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले उद्धारको प्रतीक्षामा रहेका प्रत्येक नागरिकसम्म राज्य पुग्ने बताएका छन् । 'उद्धारको प्रतीक्षामा रहेका प्रत्येक नागरिकसम्म राज्य पुग्नेछ,' उनले आफ्नो फेसबुक पेजमार्फत लेखेका छन्, 'सुरुङमा फसेका नागरिक तथा कामदारको उद्धारलाई उच्च प्राथमिकता दिइएको छ । रसुवागढी जलविद्युत् केन्द्रमा फसेका र अन्य जोखिमयुक्त सुरुङमा खोज तथा उद्धार जारी छ । आवश्यक विशेष उद्धार उपकरणसमेत परिचालन गरिएको छ ।

सरकारले राहत तथा सहायता वितरणमा एकद्वार नीति कायम गरेर व्यवस्थित बनाएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दाबी गरेको छ । स्थानीय जनप्रतिनिधि, सरोकारवाला सबै तहका निकाय तथा व्यक्तिहरूसँगको सहकार्यमा सरकारले काम गरिरहेको प्रधानमन्त्रीका प्रेस विज्ञ दीपा दाहालले बताइन् । उनले भनिन्, 'यो संकटको बेलामा सरकारले सबै निकायसँगको समन्वय र सहकार्यमा उद्धार र राहतको कामलाई प्रभावकारी बनाएको छ । क्षति र प्रभावितको विवरण एकीकृत ढंगबाट आउनका लागि लगत संकलनको काम समेत भइरहेको छ ।'

खोज, उद्धार र राहतको कार्यमा सुरक्षा निकाय, तीनै तहका सरकारी संयन्त्र, राजनीतिक दल, विभिन्न दातृनिकाय तथा गैरसरकारी संस्थाको भूमिका सकारात्मक देखिएको छ । तर, परिणाममुखी प्रभावकारिता र उद्धार र राहत वितरणमा कमजोरी भएको प्रभावित क्षेत्रका पीडित तथा स्थानीय नागरिकको गुनासो समेत आउन थालेको छ । रसुवाको उत्तरगया गाउँपालिकाका स्याफ्रुबेसी, टिमुरेलगायत तटीय बस्तीमा ठुलो जनधनको क्षति पुऱ्याए पनि समयमै उद्धार र राहतमा सरकारको कमजोरी रहेको उत्तरगया गाउपालिकाका अध्यक्ष माधव अर्यालले बताए । संघीय सरकारले हेलिकोप्टरमार्फत तत्काल उद्धारका स्थानीय जनप्रतिनिधिसँग समन्वय नगरेको उनको गुनासो छ । 'आकाशमा उडेर मात्र हुँदैन,' उनले भने, 'कहाँ-कहाँ के सम्भावना छ भन्ने स्थानीय जनप्रतिनिधिलाई बढी थाहा हुने भएकाले संघीय सरकारले समन्वय गर्नसके प्रभावित नागरिकले चाँडो उद्धार र राहत पाउने थिए ।' रसुवामा कति नागरिक प्रभावित भए, कतिको ज्यान गयो र कति बेपत्ता छन् भन्ने यकिन तथ्यांक आउन अझै कठिन भएको उनको भनाइ छ । भने, 'हामी तथ्यांक लिइराखेका छौं । पालिकाभित्र बसोबास गरिरहनुभएका करिव आठ हजार नागरिक हराउनु भएको छ भन्ने आकलन गर्न सकिन्छ ।'

निर्माणाधीन त्रिशूली ३बी जलविद्युत् आयोजनामा धेरै कामदार सुरुङभित्र हराएको अवस्था छ । अरू जलविद्युत् आयोजनामा काम गर्नेहरूको अवस्था पनि अज्ञात रहेको उनको भनाइ छ । 'कति मानिस प्रभावित भए अन्योलमै छौं,' उनले मध्यान्हसँग भने, 'तर, धेरै मानिस हताहत भएको अनुमान गर्न सकिन्छ ।' स्थानीय स्रोत साधन मात्रै परिचालन गरिएको भन्दै राज्यको सहयोग र समर्थन आवश्यक रहेको उनको माग छ । रसुवा जिल्लामा पर्ने नदीतटीय क्षेत्रका दर्जनबढी बस्तीमा क्षति पुगेको अध्यक्ष अर्यालको दाबी छ ।

उनका अनुसार स्याफ्रुबेसी, बेत्रावती, मैलुङ, सल्लेटार, शान्तिबजार, पैरेबेसी, खाल्तीबस्ती, सोले, त्रिशूली, बट्टारलगायतका बस्ती क्षेत्रमा ठुलो क्षति पुगेको हो । रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियार पहिलो चरणमा आपत्कालीन उद्धार, राहत र तत्कालीन सेल्टरको कामलाई प्राथमिकता दिएकाले क्षतिको यकिन विवरण आउन नसकेको बताउँछन् । 'सरकारको पहिलो प्राथमिकता आपत्कालीन उद्धार, राहत र अस्थायी सेल्टर व्यवस्थापनमा छ,' उनले मध्यान्हसँग भने, 'यसका साथै हामीले बाढी प्रभावित तथा क्षतिको तथ्यांकीय अवस्थामा पनि काम गर्दै छौं । आपत्कालीन अवस्थामा नागरिकको ज्यान बचाउने कुरालाई पहिलो प्राथमिकता दिनुपर्ने हुन्छ ।' तर, प्रधानमन्त्री शाहले भने राहत तथा उद्धार कार्यको प्रत्यक्ष नेतृत्व र समन्वयलाई प्रभावकारी बनाइएको दाबी गरेका छन् । गृहमन्त्रीज्यू स्वयं प्रभावित जिल्लामा स्थलगत रूपमा उपस्थित भई सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गर्दै आवश्यक निर्देशन दिइरहेको उनको भनाइ छ ।

सुरुङमा...

उनले त्यसअघि रेक्की टिम पठाउने बताएका छन् ।

रसुवाको भोटेकोसीमा आएको विनाशकारी बाढीका कारण जिल्लाका ११ जलविद्युत् आयोजनामा कार्यरत ९३४ जना अझै सम्पर्कविहीन रहेको प्रारम्भिक विवरण छ । तीमध्ये कतिपय सुरुङभित्र फसेको बताइएको छ । केही श्रमिकलाई उद्धार टोलीले सुरक्षित रूपमा बाहिर निकालिसकेको भए पनि ठुलो संख्यामा मानिस अझै जोखिमयुक्त क्षेत्रमा रहेको अनुमान गरिएको छ ।

अपर त्रिशूली जलविद्युत् आयोजनाको सुरुङमा फसेका मानिसको उद्धारमा नेपाली सेनाले शुक्रबार दिनभर अभियान सञ्चालन गरेको थियो । प्रतिकूल मौसम, बाढीको तीव्र बहाव र सुरुङभित्रको जोखिमपूर्ण अवस्थाका बीच सेनाले ठुलो संख्यामा मजदुर तथा स्थानीयको उद्धार गरेको जनाएको छ । सेनाका अनुसार, अपर त्रिशूलीको सुरुङबाट मात्रै ३५० जना मजदुर तथा स्थानीयको उद्धार गरिएको छ । सोही सुरुङमा अझै १०० जनाभन्दा बढी मानिस फसेको र उनीहरूलाई सुरक्षित बाहिर निकाल्ने प्रयास जारी रहेको बताइएको छ ।

नम्बर १ सेकेन्ड मुभमेन्ट ट्याक्टिकल हेडक्वार्टर, त्रिशूलीबाट जमदार भक्तजन बस्नेतको कमान्डमा खटिएको सैनिक टोलीले सुरुङभित्र उद्धार अभियान सञ्चालन गरिरहेको छ । जटिल भूगोल र सुरुङभित्रको जोखिमपूर्ण अवस्थाका कारण विशेष तालिमप्राप्त जनशक्ति तथा प्राविधिक उपकरण परिचालन गरिएको सेनाले जनाएको छ । यसअघि जलविद्युत् आयोजनाका सुरुङमा फसेकाको अवस्थाबारे यकिन जानकारी लिन सेनाले शुक्रबार बिहानैदेखि खोजी तथा उद्धार तीव्र पारेको थियो । एउटा सुरुङबाट दुईजनालाई सकुशल उद्धार गरिएको र बाँकी मानिसको खोजी जारी रहेको सेनाले जनाएको थियो ।

प्रधानमन्त्री बालेन्द्र शाहले शुक्रबार साँझ उद्धारलाई उच्च प्राथमिकता दिइएको जानकारी दिँदै जोखिमयुक्त सुरुङमा खोज तथा उद्धार जारी रहेको बताएका छन् । उद्धारका लागि आवश्यक विशेष उपकरणसमेत परिचालन गरिएको पनि उनले बताएका छन् ।

यसैबीच रसुवाका अन्य बाढी प्रभावित क्षेत्रमा पनि सेनाले उद्धार जारी राखेको छ । सिक्युआरटी धुन्चे ब्यारेकबाट सहसेनानी अभिषेक शाहीको कमान्डमा खटिएको टोलीले स्याफ्रुबेसी, टिमुरे, मैलुङ, ठुलो हाकु र हाकुबेसीका विभिन्न स्थानबाट ५३३ जना स्थानीयलाई सुरक्षित स्थानमा सारेको छ । सेनाका अनुसार शुक्रबार मात्रै रसुवाका विभिन्न प्रभावित क्षेत्रबाट ८८३ जना स्थानीय तथा मजदुरको उद्धार गरिएको छ ।

भरिए...

कतिपय शव झट्ट चिन्न नसकिनेगरी क्षतविक्षत छन् ।

हराइरहेका व्यक्तिका परिवारका सदस्यका लागि नदी किनारबाट शव भेटिएको प्रत्येक खबरले मुटु झस्काउँछ । बाढीमा परेर हराएकाहरूको शव खोज्न नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्वयंसेवक उद्धारकर्मी तैनाथ छन् । हराएका व्यक्तिको अत्तोपत्तो नभएर पीडित परिवारले आक्रोश पोख्न थालेपछि शुक्रबारदेखि नेपाली सेनालाई पनि शव खोजीमा परिचालन गरिएको छ । 'नेपाली सेना, प्रहरी र उद्धारकर्मीले सक्रियतापूर्वक कतै भग्नावशेषमा त कतै बालुवाले पुरिएका शव निकाल्दै हुनुहुन्छ,' गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्प तामाङले भने, 'आफन्तहरू भने भेटिएका शव आफ्नै मान्छेको हो कि होइन भन्ने पहिचान गर्न नसक्ने अवस्थामा छन् । त्यो भन्दा ठुलो पीडा अरू के हुन सक्छ ?' विपद्पछिको सबैभन्दा कठिन बेपत्ताको खोजी र शव पहिचान भएको छ ।

शवको पहिचान गर्न समस्या भएपछि व्यवस्थापन गर्न समेत गाह्रो भएको हो । 'शव चिनिने अवस्थामा छैनन् । कसैको हात, खुट्टा मात्र भेटिएका छन्, कसैको कम्मरदेखि तलको भाग त कसैको क्षतविक्षत छ,' तामाङले भने, 'यस्तोमा संयम भएर व्यवस्थित ढंगले सनाखत गर्नुको विकल्प छैन ।'

सबैभन्दा धेरै शव चितवनमा थुप्रिएका छन् । हराएका आफन्तको खोजी गर्न सयौं परिवारका सदस्य शवगृहमा पुगेका छन् । तर, सनाखत हुनै मुस्किल हुँदा झन् पीडा दिएको छ ।

यस्तो अवस्थामा शवको पहिचानका लागि परिवारजनबाट प्राप्त विवरण, कपडा तथा व्यक्तिगत सामग्री, औंठाछाप, दाँत, डिएनएलगायत वैज्ञानिक विधि महत्त्वपूर्ण हुन्छन् । तर, वैज्ञानिक पहिचानको प्रक्रिया पूरा गर्न समय लाग्ने हुन्छ । त्यसले परिवारको अत्यासपूर्ण व्यग्रतालाई झन् लम्ब्याइदिन्छ ।

भरतपुर महानगरपालिका-१० स्थित विद्युत् रोडमा रहेको औद्योगिक उद्यम विकास संस्थानको प्रयोगविहीन भवनलाई अस्थायी शव भण्डारण केन्द्रका रूपमा प्रयोग गरिएको छ । चितवनका अस्पतालका शवगृहमा एकपटकमा करिब ३० देखि ५० शवसम्म राख्न सकिने क्षमता छ । तर, बाढीले बगाएर ल्याएका शवलाई यही क्षमताले धान्न नसक्ने अवस्था आएपछि अस्थायी केन्द्रमा करिब २५० शवसम्म राख्न सकिने व्यवस्था मिलाउन लागिएको चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताएका छन् । बाढीले बगाएर धादिङ, तनहुँ, पूर्वी नवपरासीलगायत जिल्लामा भेटिएका शव पोखरा ल्याइएको छ ।

नदीकिनारमा भेटिएका शव पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा ल्याउन सुरु गरिएको छ । शवको संख्या बढ्दै गएपछि चितवन, धादिङ, नवलपरासी र पोखराका अस्पतालमा समेत शव राख्ने ठाउँको अभाव हुन थालेको छ । पहिचान हुन नसकेका शव लामो समयसम्म सुरक्षित राख्नुपर्ने अवस्था आएपछि प्रशासनका लागि व्यवस्थापन थप जटिल बनेको छ ।

भारतसम्मै पुगे शव, खोज्दै आफन्त

बाढीले बगाएका तथा बेपत्ता भएका व्यक्तिको खोजी रसुवा र नुवाकोटमा मात्रै छैन । रसुवादेखि भारतसम्म भेटिएका छन् ।

रसुवा बाढीमा परेर बेपत्ता भएकाहरूको शव पहिचानको आशामा चितवनस्थित भरतपुर अस्पतालको 'पोस्टमार्टम घर'बाहिर आफन्त पर्खिरहेका छन् । कतिपयले त फोटो प्रिन्ट गरेर ल्याएका छन्, कतिले मोबाइलमा फोटो देखाएर शव देखिएमा खबर गर्न आग्रह गरेका छन् । चितवनस्थित भरतपुर अस्पतालको अवस्था पीडादायी छ ।

देशका विभिन्न जिल्लाबाट हाइड्रो पावरमा काम गर्न गएका, जनैपूर्णिमाको अवसर पारेर गोसाइँकुण्ड दर्शन गर्न गएका र तटीय क्षेत्रमा बस्दै आएका स्थानीय तथा व्यवसायी, कर्मचारी, प्रहरीलगायत एक हजारभन्दा धेरै व्यक्ति अहिले पनि परिवारको सर्म्पकमा छैनन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतले शवहरूको पहिचानका लागि नम्बर दिएर अनि फोटो खिचेर राखिने बताउँछिन् । 'यदि त्यसरी पहिचान हुन नसके डिएनए परीक्षणबाट पहिचान गरिन्छ, शव खोज्न आउने आफन्तको सहजताको लागि शवगृहको छेउमा हेल्प डेस्क स्थापना गरिएको छ ।' पहिचान नभएका शवलाई व्यवस्थित गर्नका लागि काठमाडौं, चितवन, पोखराका अस्पतालहरूसँग समन्वय भइरहेको उनले बताइन् । नदीतटीय क्षेत्रबाट संकलन गरी ल्याइएको शवलाई पखालेर पहिचान गर्न सकिने गरी राखिने उनले बताइन् । शव व्यवस्थापन तथा पहिचानको लागि अन्य शवको तुलनामा बाढीले बगाएको शवलाई कानुनी प्रक्रियामा सहज बनाइएको उनको भनाइ छ ।

उद्धारमा...

छ । हालसम्म ९९ हवाई उडान भएका छन् । प्रधानमन्त्रीले दिएको जानकारी अनुसार हालसम्म ३२ ट्रक खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ भने हेलिकप्टरबाट ६ वटा उडान गरी खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ ।

त्यस्तै, कम्तीमा ५ हजार संख्यालाई लक्षित गरी टेन्ट तथा आपत्कालीन स्वास्थ्य सामग्रीको व्यवस्था गरिएको छ । रसुवा तथा नुवाकोटका करिब १० स्थानमा तुइन निर्माण गर्ने काम अघि बढाइएको छ । प्रभावित १९८ टावर/साइटमध्ये १४५ वटा सञ्चालनमा आएका छन् । नेपाल टेलिकमका १२० मध्ये ८२ र एनसीएलका ७८ मध्ये ६३ वटा साइट सञ्चालनमा आइसकेका छन् । बाढीका कारण हालसम्म ५७९ जनाको शव फेला परेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, नवलपुर, नवलपरासी, तनहुँ र चितवनमा शव भेटिएका हुन् । १ हजार ९२४ नागरिक सम्पर्कविहीन भएको प्राधिकरणले जनाएको छ । प्रहरीका २७, सेनाका ४५, सशस्त्र प्रहरीका १३, भन्सार कार्यालयका १७, अध्यागमन कार्यालयका ६, रसुवा र नुवाकोटबाट १७० जना सम्पर्कविहीन भएको प्राधिकरणले जानकारी गराएको छ । नेपाल प्रहरीले दिएको जानकारी अनुसार हालसम्म ४ हजार ४५१ जनाको उद्धार गरिएको छ ।

फेला परेका शव- ५७९
उद्धार - ४,४५१
सम्पर्कविहीन - १,९२४
सम्पर्कविहीन सेना, सशस्त्र र नेपाल प्रहरी-८५
उद्धारमा परिचालित सुरक्षाकर्मी संख्या : १५,४३१
हालसम्मका घाइते : १०१

खुल्यो काठमाडौंको मुख्य लाइफलाइन

काठमाडौं/मस– काठमाडौं उपत्यकालाई देशका प्रमुख व्यापारिक तथा उत्पादन क्षेत्रसँग जोड्ने पृथ्वी राजमार्गको धादिङ खण्डमा यातायात सञ्चालनमा आएको छ ।

रसुवा क्षेत्रमा आएको बाढीका कारण बुधबारदेखि अवरुद्ध राजमार्गको गजुरी र गल्छी क्षेत्रमा थुप्रिएको लेदो तथा माटो हटाएपछि शुक्रबार साँझदेखि यातायात सुचारु गरिएको हो ।

सडक विभाग र प्रहरीले गजुरीको गलौंदी-बन्छेभिर तथा गल्छीको बैरेनी क्षेत्रमा सडकमा थुप्रिएको लेदोमाटो हटाएपछि रोकिएका सवारीसाधनलाई क्रमशः गन्तव्यतर्फ पठाउन थालेका छन् ।

बाढीका कारण सडकमा ठूलो मात्रामा लेदो र माटो थुप्रिँदा राजमार्गमा यातायात सञ्चालन अवरुद्ध भएको थियो । सडक बन्द भएपछि काठमाडौं हुँदै धादिङ, चितवनलगायत पश्चिमतर्फ जाने ठूला सवारीसाधन रोकिएका थिए । त्यसका कारण काठमाडौंका कलंकी, नैकाप, नागढुंगा र बालाजु क्षेत्रमा ट्रक तथा अन्य मालवाहक सवारीसाधनको लाम लागेको थियो ।

यसअघि गल्छी-बैरेनी खण्डमा थुप्रिएको माटो हटाएर बिहीबारदेखि एकतर्फी रूपमा यातायात सञ्चालन गरिएको थियो । बाढीका कारण पुल बगेर सडकसमेत प्रभावित भएको जरिखेत क्षेत्रमा पनि लेदो हटाएपछि यातायात सञ्चालनमा ल्याइएको थियो ।

ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!
पूर्णतया शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator ! Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात। रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

Employer Company : HOSEN CHOCOLATE SDN BHD
रोजगारदाता कम्पनी : होसेन चकलेट एसडिएन बिएचडि
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान | Malaysia,No. 19 & 20, Jalan Murni 3, Taman Perindustrian Mu, Malaysia। नं= १९ र २०, जालान मुर्नी ३, तामान पेरिन्डुस्ट्रियन मुर्नी, मलेसिया मलेशिया

पूर्व स्वीकृत मिति: २०८३/०५/११	चलानी नं: ६०२६०३२९	एल टि नं : ३४७०८८
Pre Approval Date: 2026/08/27	Invoice No .: 60260329	LT No .: 347088

सि.नं S.N.	कामदारको पद Worker's Position	माग संख्या Required No's पुरुष Male	महिला Female	न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary रिङ्गिट MYR	ने.रु. NPR	ओभरटाइम सुविधा OT Facility	प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day	हप्तामा काम गर्ने दिन Working Day Per Week	बार्षिक बिदा Annual Leave	खाना सुविधा Food Facility	बस्ने सुविध Accomodation Facility	करार अबधि Contract Period
1	औद्योगिक कामदार Factory Manufacturing	१ 1	० 0	आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic English	१७०० 1700	६४,३११ 64,311	कम्पनीको नियम अनुसार As per the company rules	७.५ घण्टा 7 .5 Hours	६ दिन 6 Days	कम्पनीको नियम अनुसार As per the company rule	छैन No	छ Yes	दुई वर्ष 2 Years

स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country	स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical)	बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom	कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket	भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost	भिषा स्टाम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it	कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund	सामाजिक सुरक्षा कोष लागत ब्यवस्थापन Management oF Social Security Fund cost	सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge
रोजगारदाताले नयाँ बनेको पासपोर्टको ने.रु.५०००/- का दरले ब्यहोर्ने NPR 5000/- By the Employer (for new passport only)	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ :ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/-	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	ने.रु.७०० रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer	ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer

Applicants are requested to scan the QR code here to register their application online and submit the preliminary assessment accordingly. Online registration will be closed at 5 PM, 4 September 2026.
आवेदकहरूलाई आफ्नो आवेदन अनलाइन दर्ता गर्न यहाँ दिइएको त्तच् कोड स्क्यान गर्न र तदनुसार प्रारम्भिक मूल्याङ्कन पेश गर्न अनुरोध गरिएको छ। अनलाइन दर्ता १९ भदौ २०८३ साँझ ५ बजे बन्द हुनेछ।
Only shortlisted candidates will be contacted for the pre-selection process.
पूर्व-छनौट प्रक्रियाको लागि छोटो सूचीमा परेका उम्मेदवारहरूलाई मात्र सम्पर्क गरिनेछ।

Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)
1 . Preselection Session (प्रिअन्तर्वार्ता)
The preselection orientation and pre-interview is continuously being going on at IMR.
प्रिअन्तर्वार्ता अभिमुखिकरण र प्रिअन्तर्वार्ता आइएम्आरको कार्यलयमा निरन्तर भइरहेको छ ।
2 . Final Interview (फाइनल अन्तर्वार्ता)
Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 5th September, 2026.
फाइनल अन्तर्वार्ता आइएमआर अफिस, ग्वार्को, ललितपुरमा मिति २०८३ साल भदौ २० गते हुनेछ।
Note: Attendance at the preselection is mandatory; only preselected applicants will be considered for the final interview.
(नोट: प्रिअन्तर्वार्ता शत्रमा उपस्थिति अनिवार्य छ; पूर्व-चयन गरिएका आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि विचार गरिनेछ।)

Recruitment Process(भर्ना प्रक्रिया)
Step 1: All applicants must complete their application by scanning the QR code (available in this ad, on our website, and Facebook) within the mentioned timeframe.
सबै इच्छुक आवेदकहरूले यस विज्ञापन, हाम्रो वेबसाइट र फेसबुकमा उपलब्ध QR कोड स्क्यान गरेर तोकिएकोअवधि भित्र आफ्नो आवेदन पूरा गर्न अनुरोध गरिन्छ।
Step 2 : Applicants who complete the QR form and meet the employer's eligibility criteria will be notified to attend the pre-selection.
QR फारम भरेर रोजगारदाताको योग्यताको मापदण्ड पूरा गर्ने आवेदकहरूलाई प्रि-सेलेक्शनमा सहभागी हुन सूचित गरिनेछ।
Step 3: Pre-selected candidates will receive a coupon to attend the employer's final interview.
पूर्व-छनोट भएका उम्मेदवारहरूलाई नियोक्ताद्वारा सञ्चालन हुने अन्तिम अन्तर्वार्तामा सहभागी हुन कुपन प्रदान गरिनेछ।
NOTE : Applicants who do not meet the employer's requirements will be informed about other opportunities. Their data will be handled confidentially and in accordance with IMR's Personal Data Protection Act policy.
(नोट : नियोक्ताको आवश्यक मापदण्ड पूरा नगर्ने आवेदकहरूलाई अन्य अवसरहरूको जानकारी दिइनेछ । उनीहरूको विवरण गोपनीय रूपमा राखिनेछ र IMR को व्यक्तिगत डेटा संरक्षण ऐन (Personal Data Protection Act) नीतिअनुसार जिम्मेवारीपूर्वक व्यवस्थापन गरिनेछ।)

अस्वीकरण/Disclaimer
ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। हाम्रो पूर्व सहमति बिना कुनै पनि व्यक्ति वा संस्थाले व्यक्तिगत सम्पर्क विवरण सहित कुनै पनि निहित र आर्थिक लाभको लागि सामाजिक सञ्जालमा यो सामग्री प्रकाशन वा साझेदारी गर्न सख्त निषेध गरिएको छ। यस्ता गतिविधिमा संलग्न भएको पाइएमा कानुनी कारबाहीको अधीनमा रहनेछ।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. The publication or sharing of this content on social media by any individual or organization for any vested and monetary gains along with personal contact details and without our prior consent, is strictly prohibited. Any person found engaging in such activities will be subject to legal action.

Employment Terms and Condition/ रोजगार नियम र सर्तहरु
1. Nature of Job:Goods Transport Worker and Warehouse
कामको प्रकृति : सामान ढुवानी कामदार र गोदाम
2. Overtime work is not guaranteed and is performed on a voluntary basis, subject to operational requirements. Overtime payment calculated as:
ओभरटाइम कामको ग्यारेन्टी छैन र यो सञ्चालन आवश्यकताहरूको अधीनमा हुन्छ, र यो स्वैच्छिक हुन्छ । ओभरटाइम भुक्तानी निम्न रूपमा गणना गरिन्छ:

Day दिन	Within normal working hour सामान्य कार्य समयभित्र	Overtime ओभरटाइम
Work Day कार्यदिन	Not applicable लागू हुँदैन	1.5 x hourly rate x no. of overtime hours performed १.५ गुणा प्रति घण्टा दर × गरिएको ओभरटाइम घण्टाको संख्या
Rest Day विश्राम दिन	0.5 x ORP if work not more than half day ०.५ x ORP यदि काम आधा दिनभन्दा बढी छैन भने 1.0 x ORP if work more than half day but not more than one day १.० x ORP यदि काम आधा दिनभन्दा बढी तर एक दिनभन्दा बढी छैन भने	2.0 x hourly rate x no. of overtime hours performed in excess of one day २.० x यदि काम एक दिनभन्दा बढी छैन भने
Public Holiday सार्वजनिक बिदा	2.0 x ORP if work not more than one day २.० x गुणा प्रति घण्टा दर × एक दिनभन्दा बढी गरिएको ओभरटाइम घण्टाको संख्या	3.0 x hourly rate x no. of overtime hours performed in excess of one day 3.0 गुणा प्रति घण्टा दर × एक दिनभन्दा बढी गरिएको ओभरटाइम घण्टाको संख्या

3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
विश्राम दिन : मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन।
4. Public Holiday: Paid Holiday for at least 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
सार्वजनिक बिदा: मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा।
5. Annual Leave:8 days for first two years of service.
वार्षिक बिदा: सेवाको पहिलो दुई वर्षको लागि ८ दिन।
6. Sick Leave (बिरामी बिदा)
i)Without Hospitalization:14 days sick leave for each year of service for less than 2 years.(अस्पतालमा भर्ना बिना : २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा।
ii) In case of Hospitalization:60 days hospitalization leave in each calender year. (अस्पताल भर्ना भएको अवस्थामा: प्रत्येक पात्रो वर्षमा ६० दिन अस्पताल भर्ना बिदा।
7. Medical and Accident Insurance: In accordance with the laws of Malaysia, the Employee shall be covered under the Foreign Workers Hospitalization and Surgical Scheme (FWHS). The applicable premium (currently RM120.00 per annum) shall be fully borne by the Employer. .
चिकित्सा तथा दुर्घटना बीमा: मलेसियाको कानून अनुसार, कर्मचारीलाई विदेशी कामदार अस्पताल भर्ना तथा शल्यक्रिया योजना (FWHS) अन्तर्गत समेटिनेछ। लागू हुने प्रिमियम (हाल वार्षिक RM १२०.००) रोजगारदाताले पूर्ण रूपमा वहन गर्नेछ।
8. Right to freedom of association and collective bargaining will be respected.
संघको अधिकार र सामूहिक बार्गेनिङलाई सम्मान गरिनेछ।
9. Right to freedom of Religion.
धर्मको स्वतन्त्रताको अधिकार।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।
11. The flight ticket and all the inbound and out bound cost in the case of repatriation of the Employee, the Employer shall bear the cost of repatriation.
स्वदेश फिर्ताको सम्दर्भमा हवाइ टिकट तथा गन्तव्य मुलुकमा र स्वदेशमा लाग्ने सम्पूर्ण खर्चहरु रोजगारदाताले ब्यहोर्ने छ।
12. No Mandatory saving programmes from the employer or agency. (रोजगारदाताबाट अनिवार्य बचत कार्यक्रमहरू छैनन्।)
13. The cost of all applicable statutory contributions, including EPF, SOCSO, and income tax, shall be deducted from the Employee's salary in accordance with the prevailing laws and regulations.
(EPF, SOCSO, र आयकर सहित सबै लागू हुने वैधानिक योगदानहरू प्रचलित कानून र नियमहरू अनुसार कर्मचारीको तलबबाट कटौती गरिनेछ।)

Note: (नोटः)
1 . This is an absolutely zero-cost recruitment . Thus, the applicants are invited to apply directly without using any mediators . Applicants or their family members are not required to pay any form of fees for this recruitment including any form of gift, bonds or loans .
यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो। यसकारण, आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ। आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
2 . Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview .
सबै इच्छुक आवेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ। पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन्।
3. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination .
यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।
4 . For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document . For example: citizenship card, existing passport, national identity card, voter's card, driving license, etc .
पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ। जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि।

Speak Up Safely & Confidentially (सुरक्षित र गोप्य रूपमा बोल्नुहोस्)
IMR
आइ.एम.आर.
IMR upholds ethical, fair, and transparent recruitment practices and encourages you to report any grievances. You may report fraud, illegal activities, or corruption through the designated channels without fear of reprisal or intimidation. The confidentiality of the complainant/whistleblower will be strictly maintained.
IMR ले नैतिक, निष्पक्ष र पारदर्शी भर्ती अभ्यासहरूलाई समर्थन गर्दछ र तपाईंलाई कुनै पनि गुनासो रिपोर्ट गर्न प्रोत्साहित गर्दछ। तपाईंले प्रतिशोध वा धम्की बिना तोकिएको माध्यमहरू मार्फत धोखाधडी, गैरकानूनी गतिविधि वा भ्रष्टाचारको रिपोर्ट गर्न सक्नुहुन्छ। उजुरीकर्ता/ह्विसलब्लोअरको गोपनीयता कडाईका साथ कायम राखिनेछ।
Hotline Number (हटलाइन नम्बर): +9779801137769
Email Address: grievance@imrsolution.com

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुबिधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.बिदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिमअनिवार्य लिनुपर्नेछ । ५.बिदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा बिदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1 .Confirm that visa is issued under your name 2 .Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3 .Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4 .Before going abroad orientation or induction training should be attended compulsorily 5 . Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6 .While going abroad use International Airport of Nepal or else you might be deceived 7 .If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tachal .

iMR
License No . 309/059/060
International Manpower Recruitment (P) Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel .: 01-5204346, 5204347, 5204348,
Mobile No.: +977 9801031546 (9am-5pm)

विनाशकारी बाढी

व्यवसायी, प्रवासी नेपालीको साथ, कोषमा लाखौं सहयोग

मध्यान्ह संवाददाता
काठमाडौं, १२ भदौ

रसुवास्थित भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि सहयोग रकम जुट्ने क्रम जारी रहेको छ। यसक्रममा व्यवसायी, प्रवासी नेपाली तथा विभिन्न संघसंस्थाले आर्थिक सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरिरहेका छन् ।

बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठूलो जनधनको क्षति भएपछि प्रभावित परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न व्यक्ति तथा संस्थाले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमार्फत रकम उपलब्ध गराएका हुन्।

प्याराडाइजको ४ लाख सहयोग

रसुवाको भोटेकोशीमा आएको भयानक बाढीबाट पीडितहरूको सहयोगका लागि वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था प्याराडाइज इन्टरनेसनल प्रा.लि.ले ४ लाख रुपैयाँ प्रदान गरेको छ ।

उक्त कम्पनीले शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा उक्त रकम जम्मा गरेको हो । कम्पनीले दैवी विपत्ति, प्राकृतिक प्रकोप तथा महामारीको अवस्थामा कम्पनीको सामाजिक उत्तरदायित्वअन्तर्गत योगदान गर्दै आएको कम्पनीका अध्यक्ष नवराज केसीले बताए ।

रसुवाको भोटेकोशीमा आएको बाढीबाट पीडितहरूको सहयोगका लागि व्यवसायी तथा संघसंस्थाले मुठ्ठी फुकाएर सहायता जुटाउन सक्रियता देखाएका छन् ।

संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले राष्ट्रका सामु निम्तिएको अकल्पनीय पीडामा परेका दाजुभाइ, दिदीबहिनी तथा मृतकका आश्रित परिवारलाई सहयोग पुगोस् भनेर व्यवसायीहरूले उल्लेख्य मात्रामा संघको खातामा रकम जम्मा गरिरहेको बताए ।

संघसहित नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चलगायतका संघसंस्थाले अप्रत्याशित रूपमा आएको बाढीले अपूरणीय क्षति पुऱ्याएको भन्दै बाढी प्रभावितको उद्धार र पुनर्निर्माणका लागि सहायता जुटाउन केन्द्रित भएको बताएका छन् ।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले श्रम गन्तव्य मुलुकका रोजगारदाताहरूलाई सम्बोधन गर्दै सहयोगका लागि अपिल गरेका छन् । संघका द्वितीय उपाध्यक्ष अनिल बोगेटीले ५० हजार, महासचिव डाँगीले ५० हजार र पूर्व प्रथम उपाध्यक्ष सुजित कुमार श्रेष्ठले १ लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

स्वास्थ्य संस्था सञ्चालक संघ नेपालले रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउन प्रधानमन्त्री राहत कोषमा एकद्वार प्रणालीअनुसार सहयोग गर्न आग्रह गरेको छ । संघका अध्यक्ष मदन कुमार पुर्बे र महासचिव रघुनाथ पनेरु (कालिका)ले विज्ञप्तिमार्फत सक्दो सहयोगका लागि आह्वान गरेका छन् ।

जिसीद्वारा २ लाख ३३ हजार ३ सय ३३ रुपैयाँ सहयोग

भोटेकोशीमा आएको बाढीबाट प्रभावित परिवारको राहत तथा पुनर्स्थापनाका लागि जीसी इन्टरनेसनल म्यानपावर प्रा.लि.का सञ्चालक तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यसमिति सदस्य ध्रुव जीसीले २ लाख ३३ हजार ३ सय ३३ रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

युवा व्यवसायीसमेत रहेका जीसीले बाढीका कारण प्रभावित स्थानीयवासीलाई राहत पुऱ्याउने उद्देश्यले नेपाल वैदेशिक रोजगार व्यवसायी संघमार्फत उक्त रकम सहयोग गरेका हुन् । विपद्को समयमा प्रभावित नागरिकलाई साथ दिनु सामाजिक उत्तरदायित्व भएको भन्दै जीसी इन्टरनेसनल म्यानपावर प्रा.लि.ले राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग गरेको जनाएको छ । उक्त सहयोग रकम नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआइएमबी)मार्फत प्रदान गरिएको हो ।

बाढीका कारण भोटेकोशी क्षेत्रमा जनधनको क्षति हुनुका साथै स्थानीयवासीको दैनिक जीवनसमेत प्रभावित भएको अवस्थामा जीसी इन्टरनेसनलको सहयोगले पीडित परिवारलाई राहत पुग्ने अपेक्षा गरिएको छ ।

युवा व्यवसायी जीसीले विगतमा पनि विभिन्न सामाजिक तथा मानवीय कार्यमा सहयोग गर्दै आएका छन् । उनले विपद्को समयमा पीडितको साथमा उभिनु सबैको सामाजिक दायित्व भएको बताउँदै आगामी दिनमा पनि आवश्यक सहयोग तथा सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

संघकी सदस्य गजुरेलको आर्थिक सहयोग

वैदेशिक रोजगार व्यवसायीहरूले भोटेकोशीमा आएको बाढीबाट पीडित भएकाहरूका लागि आपतकालीन सामग्रीका लागि सहायता दिइरहेका छन् ।

यसैक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघकी सदस्य भावना गजुरेलले पनि बाढीपीडितका लागि आर्थिक सहयोग गरेकी छन्। संघको कुवेत संयोजकसमेत रहेकी गजुरेलले रसुवाका बाढीपीडितका लागि १ लाख ११ हजार १ सय ११ रुपैयाँ आर्थिक सहयोग गरेकी हुन् ।

एप्लाइड भ्यालु म्यानेजमेन्टको सहयोग

वैदेशिक रोजगार व्यवसायीहरूले भोटेकोशीमा आएको बाढीबाट पीडित भएकाहरूका लागि आपतकालीन सामग्रीका लागि सहायता दिइरहेका छन्। यसैक्रममा एप्लाइड भ्यालु म्यानेजमेन्ट प्रा.लि.ले पनि बाढीपीडितका लागि आर्थिक सहयोग गरेको छ।

एप्लाइड भ्यालु म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक हिरामणि दाहालले रसुवाका बाढीपीडितका लागि ५५ हजार ५ सय ५५ रुपैयाँ आर्थिक सहयोग गरेका हुन् ।

प्रथम उपाध्यक्ष बस्नेतको आर्थिक सहयोग

वैदेशिक रोजगार व्यवसायीहरूले भोटेकोशीमा आएको बाढीबाट पीडित भएकाहरूका लागि आपतकालीन सामग्रीका लागि सहायता दिइरहेका छन् ।

यसैक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष महेश बस्नेतले पनि बाढीपीडितका लागि आर्थिक सहयोग गरेका छन् । प्रथम उपाध्यक्ष बस्नेतले रसुवाका बाढीपीडितका लागि १ लाख ११ हजार १ सय ११ रुपैयाँ आर्थिक सहयोग गरेका हुन् ।

प्रवासी नेपाली सम्पर्क विभाग साउदीद्वारा १० लाख २५ हजार सहयोग

प्रवास नेपाली समपर्क विभाग
साउदी अरब

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि प्रवासी नेपाली सम्पर्क विभाग, साउदी अरबले १० लाख २५ हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ ।

रसुवा, नुवाकोट, धादिङ, गोरखालगायतका जिल्लामा बाढी तथा पहिरोबाट ठूलो जनधनको क्षति भएपछि विभागमा आबद्ध पदाधिकारी तथा सदस्यहरूबाट स्वेच्छिक रूपमा रकम संकलन गरिएको हो । संकलित रकम प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरिएको विभागका सभापति भुपाल भण्डारीले जानकारी दिए ।

सभापति भण्डारीका अनुसार विपद्को कठिन घडीमा प्रभावित नागरिकलाई राहत पुऱ्याउने उद्देश्यले सहयोग अभियान सञ्चालन गरिएको हो । उनले अभियानमा योगदान गर्ने सम्पूर्ण पदाधिकारी तथा सदस्यलाई धन्यवाद दिँदै सहयोगीहरूको नामावलीसहित रकमको विवरण सार्वजनिक गरिने बताए ।

प्रवासमा रहेका नेपालीहरूले मातृभूमिमा आइपरेको विपद्का बेला गरेको यस सहयोगले मानवीय एकता, सामाजिक उत्तरदायित्व र मातृभूमिप्रतिको जिम्मेवारीलाई थप उजागर गरेको छ ।

यसैबीच, साउदी अरबमा रहेका विभिन्न नेपाली संघसंस्था तथा नेपाली समुदायले समेत बाढी तथा पहिरो प्रभावितका लागि राहत र उद्धारमा सहयोग पुऱ्याउन आर्थिक संकलन अभियान सञ्चालन गरिरहेका छन् ।

आरके शर्माद्वारा २५ लाख सहयोग



गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वअध्यक्ष आरके शर्माले बाढी प्रभावितको राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा २५ लाख रुपैयाँ सहयोग गरेका छन् ।

भदौ १० गते तिब्बत हुँदै नेपाल प्रवेश गरेका भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै शर्माले उक्त रकम सहयोग गरेका हुन् ।

शुक्रबार विज्ञप्ति जारी गर्दै शर्माले बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् ।

पिजन इन्जिनियरिङ ग्रुपका निर्देशकसमेत रहेका शर्माले विपद्को समयमा गरिएको सहयोगको रकमभन्दा मातृभूमिप्रतिको दायित्व र आत्मीयता महत्वपूर्ण रहेको बताएका छन् । उनले आफूहरू विदेशमा रहे पनि मातृभूमिमा आइपर्ने संकटमा सधैं साथमा रहने उल्लेख गरेका छन् ।

शर्माले उद्धार तथा राहतमा खटिएका नेपाल सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय तह र गैरसरकारी संस्थाप्रति सम्मान व्यक्त गर्दै प्रत्यक्ष प्रभावित क्षेत्रमा पुगेर सहयोग गर्ने एनआरएनए अभियन्ता तथा मानवीय सहयोग गर्ने छिमेकी राष्ट्रहरूप्रति आभार प्रकट गरेका छन् । उनले विश्वभर रहेका नेपालीलाई आफ्नो सामर्थ्यअनुसार बाढीपीडितको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग गर्न आह्वान गरेका छन् ।

राष्ट्रिय संकटका बेला नेपाली एकजुट भएर उभिँदै आएको उल्लेख गर्दै शर्माले सामूहिक प्रयासबाट पीडितलाई राहत र पुनःस्थापनाका लागि थप हौसला मिल्ने बताएका छन् ।

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,"

हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं. २०४० असार १५

मृत्यु
वि.सं. २०८३ भाद्र १२

स्व. प्रेम पाण्डे

यस **ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.**का अभिभावक, मार्गदर्शक र लामो समय यस प्रा. लि.मा जोडिनु भएका नेपाल जन प्रगतिशिल मञ्च, मलेसियाका अध्यक्ष आदरणीय **प्रेम पाण्डेज्यू**को ४३ वर्षको उमेरमा भाद्र १२ गते राति असामयिक स्वर्गारोहण भएको खबरले अत्यन्त मर्माहत बनाएको छ । हामी स्वर्गीय पाण्डेको आत्माको चीरशान्तिको कामनासहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।
साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

BLUE OCEAN RECRUITMENT
Government Licence No.:1163/073/074
ISO Certified 9001:2015
BLUE OCEAN RECRUITMENT PVT. LTD. Family
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu

मलेसियामा रोजगार
कम्पनी : HERCULES FORCE SDN BHD
पुर्व स्वीकृत मितिः २०८२/१०/२५
चलानी नं.: ६०२५३७२८
शहरः MALAYSIA
L.T. No.:338626

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	50	0	स. काममा दक्ष	1700	६४३११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २१ गते (6 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Fair Connect Resource Pvt. Ltd.
श्रम इजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi-4, Manakamana Galli, Kathmandu Nepal, Tel :- 00977-1-5905737, Email :- agencyfcr@gmail.com

युएईमा रोजगार
कम्पनीः LINDEN SHIPPING INTERNATIONAL LLC
पूर्व स्वीकृत मितिः २०८३/०५/११
चलानी नं.: ६०२६०४०९
शहरः UAE
L.T. No.: 347263

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Helpers/ General Worker/ Ordinary Labour	20	0	स. काममा दक्ष	1000	४१५४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ २० गते (5 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GORKHA HUMAN RESOURCE SOLUTION PVT.LTD.
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Ganesh Ghimire Contact No : 9818106406

कुवेतमा रोजगार
कम्पनीः PARIS LEOPARD LOUNGE LADIES BEAUTY SALON COMPANY / OSAMA ABBAD MOHAMMAD MEKKY
पूर्व स्वीकृत मितिः २०८३/०५/११
चलानी नं.: ६०२६०४१०
शहरः KUWAIT
LT. No.: 347165

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	HAIRDRESSER	0	3	सम्बन्धित काममा दक्ष	150	७४५८१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	MANICURE/PEDICURE	0	2		150	७४५८१							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २० गते (5 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut)
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

ओमनमा रोजगार
कम्पनी : GLOBAL LINES SPC
पूर्व स्वीकृत मितिः २०८३/०२/१२
चलानी नं.: ६०२५६००२
L.T. No.: 342728
शहर : OMAN
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Welder	5	0	सम्बन्धित काममा दक्ष	130	५१५१९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Concrete Mason	5	0		130	५१५१९							
3.	General Builder	5	0		130	५१५१९							
4.	Fitting Electrician General	5	0		130	५१५१९							

अन्तर्वार्ता आयांशी ट्रेनिङ सेन्टर जनकपुरमा २०८३ भदौ १४ गते (30 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

New Sambriddhi Overseas Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Pingalastan, kathmandu, Mobile: +977-15926532, 9812757284 (Sanjib Kumar Thapa)
Itahari Branch No : 9828226395, Fax : 01-4475670, Email: sambriddhinew@gmail.com

युएईमा रोजगार
कम्पनीः FIBREX LLC
पूर्व स्वीकृत मितिः २०८२/०२/२७
चलानी नं.: ६०२३९३१९
LT. No.: 325369
शहरः UAE,ABU DHABI
पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Labour	32	0	सम्बन्धित काममा दक्ष	800	३३,२३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Metal Structure Maker	100	0		1200	४९,८४८							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २० गते (5 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PREMIUM HUMAN RESOURCE
श्रम इजाजत नं. १६३१/०८०/०८१
Samakhusi -03, Kathmandu, Nepal, Tel No: 01–5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

युएईमा रोजगार
कम्पनी : Cespro Facilities Management services LLC SOC
पुर्व स्वीकृत मितिः २०८३/०५/११
चलानी नं.: ६०२६०४११
शहर : UAE
LT. No.: 347256

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	3G&6G Welders	5	0	सम्बन्धित काममा दक्ष	1500	६२३१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	electrecian	3	0		1500	६२३१०							
3.	Helper - Site	1	0		1500	६२३१०							
4.	Mason, Painter, Plumber	3	0		1500	६२३१०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २० गते (5 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Well Growing Recruitment (P.) Ltd.
श्रम इजाजत नं. १५१३/०७४/०७५
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635,
9741827319 (Rabi Sarki) | www.wellgrowingrecruitment.com.np, Email : wellgrowing@gmail.com.

संस्मरण

अत्यास र तृप्तिको यात्रा

■ सागर गैरे

काठमाडौंको भिडमा मेरो कार्यक्रममा को आउला ? देशको फुटबल टोलीले १२ गोल खाएर फर्केझैं वा झरीमा रुझेको बिरालोजस्तै टिठलाग्दो अवस्था नहोस् भन्ने मात्र मेरो चाहना थियो । जब सर्वनाम थिएटरको साँघुरो गल्लीभित्र मानिसको भिड ओइरियो, तब अशेष मल्ल आफैं छक्क पर्नुभयो र मेरो आतुर मनले तृप्तिको साटो खुसीको स्वास फेऱ्यो ।

जेठ २९ गतेको बिहान । म पूर्ण रूपमा तयार नहुँदै नवीनजी हातमा झोला बोकेर पसलमा आइसक्नुभएको थियो । ‘ नवीनजी एकछिन है, म तयार भैहाल्छु,’ मैले हतारिँदै भनें । छिटोछिटो नुहाएँ । कपडा फेरें । झोलामा दुई जोर कपडा हालें अनि खल्तीमा केही रकम राखें । घरकी जीवनसंगिनी यशोदालाई ‘पसल राम्रोसँग हेर्नू है’ भन्दै हामी यात्राका लागि बाहिर निस्कियौं ।

हामी नेपालगन्ज जाने म्याजिक भ्यान चढ्यौं । नेपालगन्ज आउन-जान साना, छरिता र छिटा म्याजिक भ्यानहरू आममानिसमा निकै लोकप्रिय छन् । करिब २० मिनेटको यात्रापछि हामी राँझा गेट पुगिसकेका थियौं । म्याजिकबाट झरेपछि हामीले एउटा अटो समात्यौं । राँझा चोकबाट हिँडेरै गए पनि विमानस्थल धेरै टाढा त होइन, तर हतारो थियो । प्रतिव्यक्ति ५० रुपैयाँ भाडा दिने सहमतिमा अटो विमानस्थलतिर सोझियो । बाटो पहिलेको तुलनामा धेरै सहज र चिल्लो बनेको रहेछ ।

अटो विमानस्थलको मूल गेटतर्फ अघि बढ्दै गर्दा अचानक मोबाइलमा श्री एयरलाइन्सको मेल आयो । मैले आत्तिएर मेल खोलें– उडान कम्तीमा डेढ घण्टा ढिलो हुने सूचना रहेछ । मनमा अचानक ठुलो झड्का लागेजस्तो भयो । ‘ला ! उडान त डेढ घण्टा ढिलो हुने भयो नवीनजी,’ मैले निराश हुँदै भनें । यतिन्जेलमा हामी एयरपोर्टको कम्पाउन्डभित्र छिरिसकेका थियौं ।

अहिले यात्रुको बोर्डिङ चेकजाँच र जहाज कुर्नेसम्मका सबै प्रक्रिया नयाँ भवनबाट हुँदो रहेछ । हामी नयाँ भवनभित्र प्रवेश गऱ्यौं । नयाँ भवन कस्तो होला भन्ने खुल्दुली थियो । भुइँमा बिछ्याइएका टायल र मार्बल नियालें । सिसामा पानीको फोहरा झरिरहेको थियो । पानीको नालीबाट धुवाँ उडिरहेको जस्तो मनोरम दृश्य देखिन्थ्यो । बस्नका लागि आधुनिक कुर्सीहरू राखिएका थिए । नवीनजी र मैले केही तस्बिर खिच्यौं ।

पहिले खजुराबाट बाँकेमा विमानसेवा सुरु भएको इतिहास छ, पछि त्यो विमानस्थल राँझा सारिएको थियो । अहिलेको यो आधुनिक भवन त्यसैको पछिल्लो स्वरूप हो । ‘डेढ घण्टा के गरेर बिताउने ? बरु बाहिर गएर चिया पिऊँ,’ मैले नवीनजीतिर फर्केर प्रस्ताव राखें । नवीनजीले पनि सहर्ष ‘ओके’ भन्नुभयो ।

कोहलपुरदेखि १० किलोमिटर र नेपाल-भारत सीमाबाट १२ किलोमिटर दूरीमा छ यो विमानस्थल । बाहिर बनेका प्रायः घरहरू कर्णालीका बासिन्दाका हुन् । कर्णालीमा सडक नपुग्दासम्म काठमाडौं वा बाहिर जान विमानस्थलको विकल्प थिएन । कर्णालीका मानिसहरूका लागि एयरपोर्ट नजिक घर हुनुले ठुलो अर्थ राख्छ । हामी एउटा मुगेलीको होटलमा छिरेर चिया अर्डर गऱ्यौं ।

काठमाडौंको बाटो र माया पब्लिकेसन्स

चियाको चुस्कीसँगै गफगाफ जम्यो । एकै बसाइमा हामीले दुई-दुई कप चिया पियौं । २०८२ मा हामी दुवैका एक-एक किताब प्रकाशित भएका थिए– नवीनजीको कथासंग्रह दहाड र मेरो नियात्रासंग्रह एउटा अल्बाट्रस । दहाडको काठमाडौंमा विमोचन भएर कालिम्पोङ र दार्जिलिङसम्म पुगिसकेको थियो । मेरो किताबको भने पहिलोपटक काठमाडौंमा विमोचन हुँदै थियो । त्यसैको सिलसिलामा हामी काठमाडौं जाँदै थियौं ।

चिया पिएपछि टर्मिनल भवनभित्र छिर्यौं । सरकारले यसलाई क्षेत्रीय विमानस्थलको रूपमा विस्तार गर्दै छ । मानसरोवर जाने तीर्थयात्रीका लागि पनि यो विमानस्थल उत्तिकै महत्वपूर्ण छ । केही बेरमै राँझाको आकाशमा श्री एयरको विमान ल्यान्ड भयो । काठमाडौंका यात्रु झरे, सामान उतारियो र तेल भरियो । हामी जहाजमा चढ्यौं । पौने घण्टाको सहज उडानपछि जहाज काठमाडौंको त्रिभुवन विमानस्थलमा ओर्लियो ।

काठमाडौंको मौसम र हावापानी नै फरक थियो । बाहिर लगेज वेल्टनजिकै छोरा निशान्त हामीलाई नै पर्खिरहेका रहेछन् । सामान निशान्तलाई बुझाएपछि नवीनजीले इन्ड्राइभबाट ट्याक्सी बोलाउनुभयो । हामी ट्याक्सी चढेर अघि बढ्यौं । ‘हामी सबैभन्दा पहिले माया पब्लिकेसन्स जाऔं र विनयजीलाई भेटौं,’ नवीनजीले भन्नुभयो । म खुसीसाथ राजी भएँ ।

भित्र माया पब्लिकेसन्सको फल्याट रहेछ । अफिस, भान्छा, बेडरुम र स्टोर सबै एउटै फल्याटमा । दराजका च्याकहरूमा शरदचन्द, प्रेमचन्द, राहुल सांकृत्यायन र अंग्रेजी साहित्यका पुस्तकहरू थिए । विनयजीसँग पहिले कोहलपुरमै चिनजान भएको हो । मेरो पुस्तक मोहोर र एउटा अल्बाट्रस माया पब्लिकेसन्सबाटै आएका हुन् । विनयजीले मुस्कुराएर हाम्रो स्वागत गर्नुभयो ।

हामीले पानी पियौं । विनयजीले चियाको कुरा उठाउनुभयो । ‘ मलाई त भोक पनि लागेको छ,’ मैले सहज रूपमा भनें । एकैछिनमा गीता म्याडमले चिया, आलु, चना र चिउराको खाजा ल्याइदिनुभयो । भोकको बेला उहाँहरूको मिठो आतिथ्यले मनै प्रसन्न भयो । त्यहीँ बसेर कार्यक्रमको तालिका बन्यो र कम्प्युटरबाट प्रिन्ट पनि निकालियो ।

दोबिल्ला बुक्स र घरको संकट

काम सकिएपछि हामी ‘दोबिल्ला बुक्स’तर्फ लाग्यौं । हाम्रो अध्ययन वृत्तमा दोबिल्ला बुक्सको खुब चर्चा हुन्छ । हामीले धेरैपटक त्यहाँबाट अनलाइन पुस्तक मगाएका छौं । आफूलाई चाहिएको पुस्तक अर्डर गर्नेबित्तिकै कुरियरमा हालिदिने र ईसेवाबाट पैसा तिर्न पाइने सुविधाले गर्दा यो निकै सहज छ । नयाँ पुस्तक निस्किनेबित्तिकै दोबिल्लाको बालमा देख्न पाइन्छ । मेरा अघिल्ला पुस्तकहरू पहिलोपटक दोबिल्लाको पेजमा देख्दा मलाई कम्ती खुसी लागेको थिएन ।

दोबिल्ला पुग्दा शैलेशजी हुनुहुन्थ्यो । उहाँले न्यानो स्वागत गर्दै चियाको प्रस्ताव गर्नुभयो । भर्खरै चिया पिएकाले हामीले संकोच मान्यौं, तर उहाँको आत्मीय अनुरोधका अगाडि हाम्रो केही लागेन । फेरि चिया आयो ।

त्यही बेला कोहलपुरबाट श्रीमती यशोदाको फोन आयो । ‘हेर्नुस् न, निश्चला बाहिर छिन्, निशान्त रुमभित्रै निदाएछन् । ढोका खोलेनन्, के गर्ने होला ?’ अचानक मलाई ठुलो तनाव भयो । हप्ता दिनको धपेडीले गर्दा कलेजबाट फर्केर निशान्त एकैछिन पल्टिँदा निदाएछन्, मोबाइल साइलेन्टमा रहेछ । बाहिरबाट जति बोलाए पनि आवाज भित्र जाने कुरै भएन । छोरी कलेजबाट फर्केकी छिन्, उनको मोबाइल कोठामै छ । लुगा फेर्नु छ, भोक लागेको छ । म यता काठमाडौंमा कार्यक्रमको अर्कै दबावमा छु ।

एकछिन सोचें, दिमागमा कोहलपुरका छिमेकी तथा निशान्तका साथी सुहनको याद आयो । उनलाई कल गरेर स्थिति बताएँ । उनले रुमबाट आएर निश्चलालाई फोन दिए । मैले छोरीलाई हात्तीवनस्थित भान्जाहरूको रुममा जान भनें र सुहनलाई पठाओ बुक गरिदिन लगाएँ । सन्दीपलाई फोन गरेर खाना थपेर बनाउन भनें । फोनैफोनमा समस्याको समाधान त भयो, तर मेरो टाउको फनफनी दुख्न सुरु भइसकेको थियो ।

काठमाडौंको साझ र कार्यक्रमको अत्यास

दोबिल्लाबाट निस्केपछि गल्लीमा युट्युबर तथा अध्येता पवन थापा भेटिनुभयो । त्यसपछि नवीनजी र म बासको खोजीमा लाग्यौं । उहाँले मलाई बागबजारको हार्दिक होटलमा पुऱ्याउनुभयो । रिसेप्सनबाट कोठाको चाबी लिएर हामी माथि उक्लियौं । कोठा खोल्दा चुरोटको गन्ध नाकमा ठोक्कियो, बाथरुमको हालत पनि उस्तै थियो, तर पानी भने टन्न आउँदो रहेछ ।

मेरो टाउको दुखाइ घट्नुको साटो बढ्दै थियो । काठमाडौंमा आफ्ना मान्छे कति नै छन् र ? उपस्थिति कस्तो होला भन्ने चिन्ताले मलाई भित्रभित्रै हिर्काइरहेको थियो । हामी होटलबाट निस्केर सुन्धारातर्फ लाग्यौं । बाटोमा मेरा पुस्तकका आवरण चित्रकार तथा कवि रसिकराज भेटिनुभयो । उहाँसँग गफ गर्दै हामीले सुन्धारामा थकाली खाना खायौं ।

खानापछि रसिकराज आफ्नो रुमतिर लाग्नुभयो, हामी होटल फर्कियौं । नयाँ ठाउँ र नयाँ ओछ्यानमा निद्रा पर्न गाह्रो भइरहेको थियो । राति टाउको धेरै दुखे सिटामोल खाउँला भनेर किनेर ल्याएको थिएँ । मेसेन्जर र ह्वाट्सएपबाट साथीहरूलाई पुनः फोन र म्यासेज गरें । कतिले आउँछौं भने, कतिले उपत्यका बाहिर रहेको बाध्यता सुनाए ।

अहिलेसम्म हामीले कोहलपुरमा अरूका लागि सयौं कार्यक्रम गऱ्यौं । त्यतिबेला पनि मुख्य पिर भनेकै उपस्थितिकै हुन्थ्यो । यसपटक काठमाडौंमा मेरो आफ्नै कार्यक्रम थियो । देशको फुटबल टिमले विदेशको मैदानमा खेलेर १२ गोल खाएर फर्किएझैं वा झरीमा रुझेको बिरालोजस्तै टीठलाग्दो अवस्था मेरो नहोस् भन्ने मात्र मेरो एकमात्र चाहना थियो ।

एउटा अल्बाट्रस मेरो दोस्रो नियात्रा कृति हो । यसमा भारतको गोवा, भियतनाम, फिलिपिन्स, मलेसिया र जर्जिया यात्राका संस्मरणहरू समेटिएका छन् । माया पब्लिकेसन्सले प्रकाशन गरेको यस कृतिको मूल्य ६४० रूपैयाँ राखिएको भए पनि म पाँच सयमा बेच्दै आएको थिएँ । ‘किताब त निस्कियो, विमोचन पनि काठमाडौंमै गरौं’ भन्ने चियापसलको ठट्टा अहिले यथार्थमा परिणत हुँदै थियो । राति खै कति बेला निदाइएछ, थाहै भएन ।

वसन्तपुरको बिहानी र सर्वनामको चमत्कार

अर्को दिन बिहानै उठेर दाह्री काटें, कपडा फेरें । नवीनजी र म वसन्तपुरतिर निस्कियौं । मन्दिरका सिँढीमा बसेर दृश्यहरू नियाल्यौं । असन र वसन्तपुरको यो पुरानो बजार सयौं वर्षदेखि अस्तित्वमा छ । मानिसको कत्रो भिड ! गेडागुडी, फलफूल, तरकारी बेच्ने र किन्नेहरूको चहलपहल । इतिहासदेखि गुल्जार यो बजार साँच्चै अनौठो छ ।

त्यसपछि हामी विनयजीको अफिस पुग्यौं । उहाँ आफैं भान्छामा व्यस्त हुनुहुन्थ्यो । उहाँले सलांहीको आलुको अचार र पाल्पाको चुकाउनी (पहाड र मधेशको फ्युजन) सहितको बिहानको मीठो खाना पस्किनुभयो । तन र मन दुवै तृप्त भयो । खाना खाइसकेपछि अतिथिलाई दिने उपहार प्याक गरेर हामी सर्वनाम थिएटरतर्फ लाग्यौं ।

सर्वनाम थिएटर कालिकास्थानको एउटा साँघुरो गल्लीभित्र रहेछ । बाहिरबाट घर देख्दा ‘यतिभित्र मानिसहरू कसरी आउलान् ?’ भन्ने ठुलो शंका मनमा जागेको थियो । तर, जब हामी हलभित्र छिर्यौं, एकाएक चमत्कारजस्तै भयो ।

छोरी निश्चला, छोरा निशान्त, भान्जाहरू, पुराना पत्रमित्र अरुणबहादुर खत्री, आफन्तहरू, वरिष्ठ साहित्यकारहरू–नयनराज पाण्डे, केशव सिग्देल, टंक उप्रेती, डा. दामोदर पुडासैनी ‘किशोर’, युवराज नयाँघरे, प्रतीक ढकाल, भवानी खतिवडा, जय छाङ्छा राईलगायत चिनेका-नचिनेका अनेकौं अनुहारले हल भरिभराउ भयो । मानिसहरूको त्यो उत्साहजनक उपस्थिति देखेर स्वयं सर्वनामका संरक्षक अशेष मल्ल आफैं छक्क पर्नुभयो ।

नवीनजी रोस्ट्रममा उभिनुभयो । वर्सौंसम्म रेडियो र टेलिभिजनमा माझिएको उहाँको प्रभावशाली आवाज हलमा गुञ्जियो । कुनै औपचारिक प्रमुख वा विशिष्ट अतिथि नछुट्याई वर्णानुक्रमअनुसार अतिथिहरूलाई मञ्चमा आमन्त्रण गरियो । वक्ताहरूले पुस्तक एउटा अल्बाट्रस को विषयवस्तु, सौन्दर्य र सीमामाथि गहन चर्चा गर्नुभयो । अन्तिममा मैले लेखकको तर्फबाट मन्तव्य राखें ।

हस्ताक्षरसहित पुस्तक बिक्री भए, शुभकामनाका ओइरो लागे । जिन्दगी कहिल्यै पूर्ण हुँदैन, तर कुनै एउटा बिन्दुमा पुगेर आफूलाई तृप्त बनाउन सक्नु नै पूर्णता हो । त्यो पल मेरो जीवनका लागि त्यस्तै तृप्तिको क्षण थियो ।

कार्यक्रमपछि साथीहरूसँग चिया पियौं । साँझ नवीनजीका मित्र विजय परियार र अधिकारकर्मी अस्मिता बादीको कोठामा पुगेर हार्दिकतापूर्वक खाना खायौं ।

अर्को दिन बिहानै नवीनजी कोहलपुर फर्किनुभयो । म भने महालक्ष्मीस्थान पुगेर छोराछोरीसँग केही समय बिताएँ । दिउँसो लेखक रमेश सायनसँग भेट भयो । उहाँले मलाई आफ्नै बाइकमा राखेर विमानस्थलसम्म पुऱ्याइदिनुभयो ।

सुरक्षा जाँच सकेर म यती एयरको जहाजमा चढें । निर्धारित समयमै जहाज उड्यो । काठमाडौंको धपेडी, मनको अत्यास र विमोचनको सफलताको मिठास बोकेर म जब राँझा विमानस्थलमा ओर्लिएँ, बाँकेको परिचित तातो हावाले मलाई स्पर्श गऱ्यो । जहाजको चिसोबाट बाहिर निस्किँदा मन पूर्ण रूपमा हलुका र शान्त भइसकेको थियो ।

गाउँ घर

सम्झनामा रातमाटे गाउँ

■ खिमराज गिरी

गरिबी र अभावका कारण गाउँ छाडेर सहर र परदेश भौंतारिएका रामबहादुरको परिवारले जीवनका अनेकौं बज्रपातहरू व्यहोर्नुपर्यो । सर्वस्व गुमाएपछि पुनः जन्मगाउँ नै फर्किएर बाँझो माटोमा पसिना बगाएका उनीहरूले सहर र परदेशभन्दा आफ्नै जन्मभूमिको काखमा वास्तविक आत्मशान्ति, आशा र जीवनको सार्थकता फेला पारे ।

पहाडको विशाल काख । त्यहीँ सानो र सुन्दर एउटा गाउँ थियो– रातमाटे गाउँ । गाउँमा विभिन्न जातजातिका मानिस बस्थे । दुःख-सुखमा एकअर्कालाई हात दिन्थे । सबैजना एउटै परिवार जस्तै मिलेर बस्थे । तर, त्यही गाउँको एउटा गरिब परिवार भने दिनरात पिरोलिइरहन्थ्यो । परिवारका मूल अभिभावक थिए, रामबहादुर । उनकी श्रीमती बाटुली, छोरा मञ्जिल, छोरी सञ्जु र वृद्धा आमा धनमती । बुबाको भने धेरै अघि नै निधन भइसकेको थियो ।

उनीहरूसँग भएको थोरै पाखोको उब्जनीले ६ महिना पनि खान पुग्दैनथ्यो । गाउँघर भए पनि नुनदेखि सुनसम्म किनेरै चलाउनुपर्थ्यो । छोराछोरीको कापी-किताब र विद्यालयको शुल्क तिर्न नसक्ने छटपटी । तैपनि जीवन जेनतेन चलिरहेकै थियो ।

मुग्लानको यात्रा र सहरको संघर्ष

एक दिन रामबहादुरले गम्भीर भएर सोचे, ‘यहाँ बसेर त छोराछोरीको भविष्य अन्धकार हुन्छ । म मुग्लान जान्छु, परिवारको भोलिका लागि !’ उनी परिवारसँग विदा भएर हिँडे ।

केही महिनापछि उनले भारतबाट श्रीमतीलाई पत्र लेखेर भने, ‘गाउँमा बालबच्चाको भविष्य बन्दैन । उनीहरूलाई सहर लगेर पढाऊ । छोराछोरीको भविष्यमाथि खेलबाड गर्नुहुँदैन ।’

बाटुलीले मन दह्रो बनाइन् । हिम्मत गरिन् । उनी मञ्जिल र सञ्जुलाई लिएर सहर लागिन् । तर, वृद्धा सासूआमा धनमतीले आफ्नो जन्मगाउँ छाड्न मानिनन् । उनले छोराछोरीलाई एउटा साधारण निजी विद्यालयमा भर्ना गरिन् । आफू पनि त्यही विद्यालयमा परिचर (सुसारे)को काम गर्न थालिन् ।

नियतिको बज्रपात

सहरमा मञ्जिल र सञ्जुको पढाइ राम्रो हुँदै गयो । उनीहरूलाई विदेश पठाएर उच्च शिक्षा दिलाउने इच्छा जाग्यो रामबहादुर र बाटुलीको मनमा । तर, त्यो सपना उनीहरूको गरिबीभन्दा धेरै ठुलो थियो । उनीहरूले बैंकबाट ऋण लिए । गाउँको थोरै जग्गा धितो राखे । केही आफन्तसँग पनि सहयोग मागे । छोराछोरीलाई विदेश अध्ययनका लागि पठाउन त उनीहरू सफल भए, तर बैंकको ऋण र त्यसको ब्याजको भारीले दुवैको मन निरन्तर पिरोलिन थाल्यो ।

विदेश पुगेर सञ्जुले पढाइसँगै काम पनि पाइन् । तर, मञ्जिलले काम पाएन । ऊ साथीभाइको गलत संगतमा फस्यो । तनावबाट बच्न भन्दै उसले नशा खान सुरु गऱ्यो । त्यही नसाले उसको जीवन बर्बाद पारिदियो । एक दिन लागुपदार्थसम्बन्धी अपराधमा मञ्जिल पक्राउ पऱ्यो । अदालतले उनलाई जेल सजाय सुनायो । यो कारुणिक खबर मञ्जिलले बाबुआमा र बहिनी कसैलाई पनि भन्न सकेन ।

उजाड आगन र आमाको वियोग

यता गाउँमा धनमतीको जीवन झन्-झन् कठिन बन्दै गयो । कतै परदेसिएको छोरो र नाति-नातिना टुप्लुक आइपुग्छन् कि भनेर बाटो कुरिरहन्थिन् । बैंकले धितो राखिएको घर र जग्गा लिलाम गरिदियो । कसैले धनमती आमालाई यो खबर सुनाइदिए । सुन्नासाथ वृद्धा धनमती मुर्छित भएर लडिन् । अन्ततः उनी बिरामी परिन् र उनको जीवनको दीप सदाका लागि निभ्यो ।

गाउँलेहरूले खबर पठाए । रामबहादुर र बाटुलीले यो खबर निकै ढिला गरी पाए । जीवनको अन्तिम घडीमा उनीहरूले आमाको मुखसम्म देख्न पाएनन् । अझ केही समयपछि मञ्जिल जेल परेको खबर पनि थाहा पाए । रामबहादुर पनि केही दिन अगाडि मात्र भारतबाट घर आएका थिए । तर, यस्ता अशुभ समाचार मात्र सुन्न पाए । त्यसैबीच छोरी सञ्जुले पनि विदेशमा विवाह गरेको खबर आयो । तर, उनका श्रीमान् पनि कुलतमा फसेका रहेछन् । आमा र छोराको पीडा छुँदै थियो, रामबहादुरलाई फेरि अर्को बज्रपात भयो ।

पुनरागमन र जीवनको नयाँ बिहानी

बाध्यताको त्यो भूमरीबाट उम्किन उनीहरूले गाउँ फर्किने निधो गरे । उनीहरू सहरका झिटिझम्टा बोकेर गाउँ लागे । गाउँ पुगेपछि पुरानो घर र आँगन सुनसान देखियो ।

एक दिन रामबहादुर आमालाई जलाएको मसानघाटमा गए । भक्कानिएर रोए । भने, ‘आमा ! हामी सहरबाट हारेर फर्किएका होइनौं, बरु केही सिकेर फर्किएका छौं ।’ त्यही दिनदेखि उनीहरूको जीवनको नयाँ यात्रा सुरु भयो । उनीहरूले बाँझो खेतबारीमा खनजोत गर्न थाले । खाली खेतबारी र बगैंचामा मौसम अनुसारका फलफूल, अन्नबाली र घाँसका रुख-बिरुवा रोप्न थाले । सिंगो गाउँ नै हराभरा हुन थाल्यो ।

पछि विदेशबाट खुसीको खबर आयो । छोरा मञ्जिल जेलबाट छुटेर नयाँ जीवन सुरु गरिसकेको थियो । छोरी-ज्वाईंको जीवन पनि राम्रै चलेको खबर आयो । अबको केही दिनमा उनीहरू गाउँ फर्किने कुराले रामबहादुर र बाटुलीको खुसीको सीमा रहेन ।

जीवनले उनीहरूबाट धेरै कुरा खोस्यो । तर, अन्तिममा एउटा सुन्दर सत्य सिकायो– ‘जरा बलियो भयो भने आँधीले रुख ढाल्न सक्दैन । सपना टुट्न सक्छ, तर आशा कहिल्यै मर्दैन ।’

कविता

भूपेन्द्र थापा 'माधव'

चट्टानमा फक्रिएको फूल

चट्टानको छातीमा
एउटा फूल फक्रिएको छ–
न माटोको भरोसा,
न मलको साथ,
न कसैको कृपाको पानी ।

उसले जरा गाडेको छ
ढुंगाको कठोरताभित्र,
र जीवन खोजेको छ
दरारको सानो उज्यालोमा ।

सायद,
त्यो फूललाई थाहा छैन
बगैंचा कस्तो हुन्छ,
तर उसलाई थाहा छ–
बाँच्नु भनेको
कठिन समयसँग सम्झौता गर्नु होइन ।

हिजो
यही चट्टान फुटाउन
हजारौं हात उठेका थिए,
हजारौं आवाज सडकमा पोखिएका थिए,
कसैले सपना बोकेको थियो,
कसैले रगत ।

उनीहरूले सोचेका थिए–
एक दिन
जनताको आँगनमा
न्यायको घाम लाग्नेछ,
गरिबको आँखामा
सपनाको उज्यालो हुनेछ ।

तर समय फेरियो,
झन्डा फेरियो,
नारा फेरियो,
सिंहदरबारका कुर्सी फेरिए–
तर चट्टान
चट्टानै रह्यो ।

फूलहरू भने
दरबारका गमलामा सारिए,
केही फूलले
आफ्नो सुगन्ध बिर्सिए,
केहीले
आफ्नै जरालाई
पराइ भन्न थाले ।

तर यो फूल–
चट्टानमै रह्यो ।

उसले देख्यो
क्रान्तिको सपना बोकेर हिँडेकाहरू
सत्ताको गल्लीमा हराएको,
जनताको नाममा उठेका आवाजहरू
कुर्सीको मौनतामा बिलाएको ।

उसले देख्यो
हिजो परिवर्तन माग्नेहरू
आज परिवर्तनसँग डराएको ।

त्यसैले
ऊ आज पनि
चट्टानको छातीमै फक्रिएको छ–
कसैको पदको प्रतीक्षा नगरी,
कसैको आदेश नपर्खी,
आफ्नै अस्तित्वको घोषणासहित ।

सायद,
त्यो फूल
आजको युवाको प्रतीक हो–
जसले विरासतमा
अधुरा सपना पायो,
तर भविष्य
आफ्नै हातले लेख्न चाहन्छ ।

उसको आँखामा
विद्रोह छ,
तर हिंसा छैन;
उसको मुटुमा
आक्रोश छ,
तर घृणा छैन ।

ऊ भन्छ–
‘मलाई सत्ता होइन,
सार्थक परिवर्तन चाहिएको छ ।’

चट्टान अझै कठोर छ,
बाटो अझै अप्ठ्यारो छ,
तर फूल फक्रिएको छ ।

र यही फूलले
इतिहासलाई भनिरहेको छ–

जहाँ आशा मर्दैन,
त्यहाँ परिवर्तनको सम्भावना मर्दैन ।

कुनै दिन
यही सानो फूलको सुगन्धले
चट्टानलाई पनि सम्झाउनेछ–
कठोरता
सधैंको भाग्य होइन ।

र त्यो दिन
जनताको हातमा
फेरि एउटा सपना हुनेछ–
सत्ताको होइन,
सुन्दर समाजको ।

चट्टानको दरारबाट
फक्रिएको यो फूल
त्यही सपनाको
पहिलो संकेत हो ।

रवीन्द्र ढाँट 'रोड टु युएफसी'को फाइनलमा

फाइनलमा जापानका ताजिमसँग भिड्ने

काठमाडौं/मस– नेपाली मिक्स्ड मार्सल आर्ट्स (एमएमए) खेलाडी रवीन्द्र ढाँट 'बझाङको बाघ'ले अन्तर्राष्ट्रिय मञ्चमा अर्को ऐतिहासिक सफलता हात पारेका छन्। चीनको साँघाईमा जारी 'रोड टु युएफसी' प्रतियोगिताअन्तर्गत बान्टमवेट समूहको सेमिफाइनलमा उत्कृष्ट प्रदर्शन गर्दै उनले फाइनलमा स्थान सुरक्षित गरेका हुन्।

शुक्रबार सम्पन्न प्रतिस्पर्धामा ढाँटले न्युजिल्यान्डका अपराजित खेलाडी कासिब मर्डकलाई कडा चुनौतीबीच पराजित गरे। पाँच-पाँच मिनेटका तीन राउन्डसम्म चलेको भिडन्त निकै प्रतिस्पर्धात्मक रह्यो। प्रारम्भिक दुई राउन्डमा दुवै खेलाडीले सावधानीपूर्वक खेल प्रस्तुत गरे पनि अन्तिम राउन्डमा ढाँट आक्रामक रूपमा प्रस्तुत भए। उनले लगातार प्रहार गर्दै विपक्षीलाई दबाबमा राखेपछि निर्णायकहरूले स्प्लिट डिसिजनमार्फत उनलाई विजेता घोषणा गरेका थिए।

यस जितसँगै ढाँटले मर्डकको अपराजित यात्रामा पूर्णविराम लगाएका छन्। हाल ढाँटको व्यावसायिक रेकर्ड ११ जित र १ हार पुगेको छ भने मर्डकको रेकर्ड ८ जित र १ हारमा सीमित भएको छ।

अब ढाँटले उपाधिका लागि जापानका योँ ताजिमासँग प्रतिस्पर्धा गर्नेछन्। ताजिमाले अर्को सेमिफाइनलमा भारतका चुन्ग्रेङ कोरेनलाई युनानिमस डिसिजनमा हराउँदै फाइनल यात्रा तय गरेका हुन्। यसअघि उनले क्वार्टरफाइनलमा चीनका ताइ हाइताओलाई पनि स्प्लिट डिसिजनमा पराजित गरेका थिए। १२ जित र ३ हारको रेकर्ड भएका ताजिमा अनुभवी तथा रणनीतिक फाइटरका रूपमा चिनिन्छन्।

ढाँटको फाइनल यात्रा भने सशक्त प्रदर्शनमार्फत अघि बढेको हो। उनले क्वार्टरफाइनलमा फिलिपिन्सका किम्बर्ट अलिन्टोजोनलाई दोस्रो राउन्डमै टेक्निकल नकआउट गर्दै अन्तिम चारमा स्थान बनाएका थिए। उक्त भिडन्तमा उनले आक्रामक खेल प्रदर्शन गर्दै ४ मिनेट ३७ सेकेन्डमा खेल समाप्त गराएका थिए।

२७ वर्षीय ढाँट सन् २०२१ देखि व्यावसायिक एमएमएमा सक्रिय छन्। उनका अधिकांश जित नकआउट वा टेक्निकल नकआउटमार्फत आएका छन्, जसले उनलाई आक्रामक फाइटरको रूपमा चिनाएको छ। नेपालमा 'लक एन रोल एमएमए'सँग आबद्ध उनी हाल अन्तर्राष्ट्रिय स्तरमा नेपाललाई प्रतिनिधित्व गर्दै अघि बढिरहेका छन्।

ढाँटले यसअघि सन् २०२५ मा भारतमा सम्पन्न म्याट्रिक्स फाइट नाइट (एमएफएन) १७ मा चुन्ग्रेङ कोरेनलाई तेस्रो राउन्डमा नकआउट गर्दै बान्टमवेट उपाधि जितेका थिए। उक्त उपलब्धिसँगै उनी अन्तर्राष्ट्रिय प्रमोसनमा उपाधि जित्ने पहिलो नेपाली खेलाडी बनेका थिए।

अब 'रोड टु युएफसी'को फाइनल भिडन्त ढाँटका लागि करियरकै सबैभन्दा ठुलो अवसर बन्नेछ। प्रतियोगिताको विजेताले प्रतिष्ठित यूएफसीसँग सम्झौता गर्ने अवसर पाउने भएकाले यो प्रतिस्पर्धा अत्यन्त महत्वपूर्ण मानिएको छ। ढाँट र ताजिमाबीचको फाइनल सन् २०२६ को अन्त्यतिर हुने अपेक्षा गरिएको छ। यदि ढाँटले उक्त भिडन्त जित्न सफल भए, उनी युएफसीमा प्रवेश गर्ने पहिलो नेपाली खेलाडी बन्नेछन्।

स.बल ज्ञान कार्निभल सोमबारदेखि

काठमाडौं/मस– विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको पुरानो प्रतियोगितामध्येको एक स.बल ज्ञान कार्निभलको ३२औं संस्करण सोमबारदेखि सुरु हुने भएको छ। कार्निभलअन्तर्गत ब्वाइज/गर्ल्स बास्केटबल र फुटबल हुने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा आयोजक ज्ञानोदय बाल बाटिकाकी संस्थापक प्रिन्सिपल इन्दिरा याक्थुम्बाले जानकारी गराइन्।

महिला फुटबललाई प्रोत्साहित गर्ने उद्देश्यले लामो इतिहास बोकेको ज्ञान कार्निभलमा पहिलोपटक गर्ल्स फुटबल समावेश गरिएको ज्ञानोदयका सिनियर भाइस प्रिन्सिपल भानु एले बताए।

स.बलको मुख्य प्रायोजन तथा सफल दुध र फन पार्टनर चोकोफन क्रसको सह-प्रायोजनमा हुन लगेको प्रतियोगिताको बास्केटबलतर्फ ब्वाइज/गर्ल्समा समान ८-८ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्ने ज्ञानोदयका बास्केटबल प्रशिक्षक मनीष लामाले जनाएका छन्।

फुटबलको ब्वाइजमा सहभागी ९ टिम २ समूहमा विभाजित भएर लिग कम नकआउट आधारमा खेल खेल्ने छन्। सुपर लिगका आधारमा हुने गर्ल्स फुटबलमा ७ टिमले भाग लिने छन्। सुपर लिगमा शीर्ष २ स्थानमा रहने टोली पुनः उपाधिका लागि भिड्ने छन्।

स.बल फाउन्डेसनका अध्यक्ष सतिश जोशीले विद्यालय खेलकुदमा स्थापित र लोकप्रिय प्रतियोगिता ज्ञान कार्निभलसँग जोडिन पाउनु गर्वको विषय भएको बताए। भोटेकोशीमा आएको विनाशकारी बाढीले देश शोकमा डुबेका कारण प्रतियोगिताको उद्घाटन कार्यक्रम सामान्य हुने आयोजक ज्ञानोदयले जनाएको छ। १० दिने प्रतियोगिताका खेलहरु बुडमतीस्थित आयोजक ज्ञानोदयकै हातामा खेलाइने छ। ज्ञान कार्निभल सन् १९९४ बाट सुरु भएको हो।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०७/१० मा दर्ता भएको **दता नं. १५७७५७** को **नित्य प्रकाश इन्भेस्टमेन्ट प्रा. लि.** को मिति २०८३/०५/०९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ,
इजाजत पत्र नं. ४०४, ठेगाना : त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ९८५१२१७००४

ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!
पूर्णतया शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator ! Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात१ रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

Employer Company : BSSB LEATHER AND FABRIC SDN BHD
रोजगारदाता कम्पनी : बिएस्एस्बि लेडर एण्ड फेब्रिक एसडिएन बिएचडि
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान | Selangor, Malaysia। शेलंगोर, मलेसिया

पूर्व स्वीकृत मिति: २०८३/०५/११	चलानी नं: ६०२६०३२८	एल टि नं : ३४७१७५
Pre Approval Date: 2026/08/27	Invoice No .: 60260328	LT No .: 347175

सि.नं S.N.	कामदारको पद Worker's Position	माग संख्या Required No's पुरुष Male	महिला Female	न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary रिङ्गिट MYR	ने.रु. NPR	ओभरटाइम सुबिधा OT Facility	प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day	हप्तामा काम गर्ने दिन Working Day Per Week	बार्षिक बिदा Annual Leave	खाना सुबिधा Food Facility	बस्ने सुबिध Accomodation Facility	करार अबधि Contract Period
1	औद्योगिक कामदार Factory Manufacturing	४१ 41	० 0	Sewing/Upholstery: Industrial sewing, fabric/ leather stitching, piping and upholstery work. सिलाई/असबाब: औद्योगिक सिलाई, कपडा/छाला सिलाई, पाइपिङ तथा असबाबको काम। Carpentry/Woodworking: Cutting, drilling, frame making and furniture assembly. बढई/काठको काम: काट्ने, ड्रिल गर्ने, फ्रेम बनाउने तथा फर्निचर जडान गर्ने। Cutting/Foam Work: Cutting and fitting fabric, leather, foam, timber and plywood. कटिङ/फोम: कपडा, छाला, फोम, काठ तथा प्लाइउड काट्ने र फिट गर्ने। Machine Operation: Safe operation of production machines and tools. मेसिन सञ्चालन: उत्पादन मेसिन तथा औजार सुरक्षित रूपमा सञ्चालन गर्ने। Quality: Identify defects and maintain required quality. गुणस्तर: दोष पहिचान गरी आवश्यक गुणस्तर कायम गर्ने।	१७०० 1700	६४,३११ 64,311	कम्पनीको नियम अनुसार As per the company rules	७.५ घण्टा 7.5 Hours	६ दिन 6 Days	कम्पनीको नियम अनुसार As per the company rule	छैन No	छ Yes	दुई वर्ष 2 Years

